# स्मृतिका तरङ्ग

विष्णुप्रसाद पन्त


विष्णुप्रसाद पन्त

**जन्म** : २००७ फागुन १ गते
**जन्मस्थान** : काभ्रेपलाञ्चोक जिल्ला, पञ्चकुमारी गा.वि.स. बिर्ता देउराली, पाटीगैरा
**हाल** : चाबहिल, काठमाडौँ
**शिक्षा** : एम्.ए. (अर्थशास्त्र), बी.एल्.

**मात–पिता** : धनलक्ष्मी पन्त तथा गुणनिधि पन्त
**कार्यरत** : पशुपति बहुमुखी क्याम्पस (क्याम्पस प्रमुख)
**संस्थापक** (१) पशुपति बहुमुखी क्याम्पस (२०३७)
(२) दीपिका ई.स्कुल, चाबहिल
**अध्यक्ष** : गुणनिधि पन्त स्मृति प्रतिष्ठान
**संरक्षक** : रिलायन्स सहकारी संस्था
**प्रकाशित कृति** (१) बजारशास्त्रको सिद्धान्त (२०४६)
(२) सम्झनाका झुल्कामा (२०६०)
(३) हिँड्दाहिँड्दै (२०६३)
(४) अनुभूतिका तरङ्गहरु
(५) विभिन्न पत्रपत्रिकामा लेख-रचनाहरु

# स्मृ ति का

# त रङ्ग

(स्मृति सङ्ग्रह)

## विष्णुप्रसाद पन्त



लेखक : विष्णुप्रसाद पन्त
सर्वाधिकार : लेखकमा सुरक्षित
प्रकाशक : गुणनिधि पन्त स्मृति प्रतिष्ठान
चाबहिल, काठमाडौँ
संस्करण : पहिलो, २०७१
प्रति : एक हजार
मूल्य : रू. १५०।-
कम्प्युटर : जि.के. कम्प्युटर, चुच्चेपाटी

Smritika Taranga

# मार्मिक अनुभूतिका सूक्तहरू

प्रत्येक मानवको जीवन रहस्यहरुले भरिएको इतिहास हो, द्वन्द्वात्मक दुःखान्त नाटक हो, औपन्यासिक घटनाहरुको शृङ्खला हो अनि हो काव्यात्मकताले भरिपूर्ण भावनाहरुको उचाइ पनि । कसैको जीवन त्यत्तिकै सफल र सार्थक बन्दैन । बाहिरबाट हेर्दा मानिस अत्यधिक सुखी, सम्पन्न र अहङ्कारी देखिन सक्छ, परन्तु उसका आन्तरिक पीडा, मर्म र दुःखका सन्दर्भहरुलाई विवेकीले मात्र पहिचान गर्न सक्छन् । व्यक्ति आफ्नो प्रतिभा, लगन र इच्छाशक्तिका कारण उन्नतिशील बन्नसक्छ, समाजमा आदर्श कायम गर्न सक्छ । आफ्नो रुचि र क्षमताभन्दा पर कसैले केही गर्न सक्दैन अनि सबैका स्वभाव एकनाश हुँदैनन् । मानिस एकतामा अनेकता प्रदर्शन गर्ने प्राणी हो । जन्म, परिवेश, शिक्षा, लक्ष्य, लगन जस्ता धेरै कुरा मिलेर एउटा मानवको व्यक्तित्व निर्माण भएको हुन्छ । कसैका लागि त्यही व्यक्तित्व सकारात्मक र हितकर लाग्दछ भने कसैका लागि ठिक विपरीत 



माथि प्रस्तुत गरिएका विचारहरु एउटा विशेष धरातलमा प्रसङ्गवश उठेका हुन् । अहिले मेरा सामु श्री विष्णुप्रसाद पन्त लिखित अनुभूतिहरुको सङ्ग्रह  स्मृतिका तरङ्ग❑ उपस्थित छ सुसाङ्ख्यीकृत अवस्थामा । यो कृति प्रकाशनका सङ्घारमा उभिएको छ । विष्णु सरले मलाई यसको भूमिका लेखिदिने आग्रह गर्नुभएको छ स्नेहपूर्वक । म छक्क परेको छु । कृति पुरै पढिसकेपछि विचित्रको मानसिकतामा म रूमल्लिएको छु ।

श्री विष्णुप्रसाद पन्तज्यू बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्छ । वर्तमानमा चाबहिलस्थित पशुपति बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख, धेरै शिक्षालयका संस्थापक, चिनिएका शिक्षासेवी तथा समाजसेवी अनि तिनवटा कवितासङ्ग्रह प्रकाशनमा ल्याइसक्नुभएका कवि स्रष्टा । जताबाट हेरे पनि उहाँको व्यक्तित्व ऊर्जाशील, सङ्घर्षशील र विनयशील लाग्दछ । उहाँले शैक्षिक प्रशासन र नेतृत्वमा लामो समय व्यतीत गरेर यथेष्ठ अनुभव सँगाल्नुभएको र विशिष्ट योगदान गर्नुभएको सन्दर्भ सबैका लागि प्रभाव र प्रेरणाको स्रोत बनेको छ । समाजसेवामा यथाशक्य सेवाभाव प्रदान गरी सँगालेका अनुभूतिहरु समेत सृजनात्मक उपलब्धि बन्न पुगेका छन् ।

एउटा प्रभावशाली शिक्षाविद्-शिक्षासेवी, एउटा संवेदनशील कवि र परहितकारी समाजसेवीको त्रिवेणी व्यक्तित्व निर्माणका

लागि श्री विष्णुप्रसाद पन्तको जीवन यात्राका मोडहरु के-कस्ता रहे ? के-कस्ता सुखदुःखका अनुभूतिहरु सँगाल्नुपऱ्यो ? अनि आर्थिक अभावमा पिल्सेर पनि आफ्नो शैक्षिक भविष्यलाई सुरक्षित र समुन्नत बनाउन के-कस्ता सङ्घर्ष गर्नुपऱ्यो ? भन्ने जिज्ञासाहरुको सूत्रात्मक उत्तर प्रस्तुत  स्मृतिका तरङ्ग❑ भित्र पाउन सकिन्छ । मैले वि.सं. २०३८ सालदेखि पशुपति क्याम्पसमा पढ्दाताक विष्णु सरलाई चिनेको भए पनि लामो समयको निकटता र स्नेहपूर्ण व्यवहार पाए पनि उहाँको जीवनका धेरै रहस्यहरु यस कृतिले प्रस्तुत गरेको छ जो मेरा लागि नितान्त नौला सन्दर्भहरु बन्न पुगे ।

बाल्यकालका धेरै प्रसङ्गहरुलाई उहाँले प्रस्तुत गर्नुभएको छ । भूतसँगको जम्काभेट, अभावको पीडा, गुरुको पिटाइ, झुटो बोल्दाको दण्ड, पढाइमा घोटिँदाको कष्ट र सङ्घर्षका सन्दर्भहरु मार्मिक लाग्दछन् । मानवीय स्वभाव, पहाडको कष्टपूर्ण जीवन, वर्तमानको बेमेल र अशान्ति, पिताको आदर्श, विभिन्न व्यक्तित्वहरुको प्रेरक प्रसङ्ग, उदारता-सङकीर्णता जस्ता कुरा पनि यहाँ आएका छन् । विधवा बालिकाको पुनर्विवाह, एउटा टुहुरो बालकको उन्नतिको कथा, समयको सदुपयोगले उपलब्ध उन्नति, सहयोगीप्रतिको कृतज्ञता, नारी र पुरूषको भेदभावका विषयले समाजप्रतिको उहाँको चासो र चिन्तालाई



व्यक्त गरेको पाइन्छ । प्रसङ्गवश उहाँले शिक्षासेवी शङ्करदेव पन्त, विद्वान् जगन्नाथ त्रिपाठी लगायत आफ्ना मामा, ठुलोबुबा, हजुरआमा, शिक्षक आदिलाई सम्झनुभएको छ । विभिन्न ठाउँमा गरिएका यात्राको चर्चा प्रसङ्ग पनि छ ।

 स्मृतिका तरङ्ग❑ शिक्षाप्रद छ, मार्मिक छ । पूर्वस्मृतिहरुलाई छोटा-छोटा रचनाको स्वरुप (एक वा दुई पृष्ठ) दिएर छुट्टा-छुट्टै प्रस्तुत गरिएकाले यिनको शृङ्खला भने छैन । धेरै रचनाहरु कथात्मकताले भरिएका छन् । अभिव्यक्ति संवेदनशील छ । व्यक्ति, परिवार र समाजको वस्तुस्थिति उद्घाटन गर्ने जमर्को गरिएको छ । सरल, सहज र रोचक शब्दशैलीमा जीवन अनुभूतिलाई मार्मिक र सटीक रुपमा प्रस्तुत गरिएकाले यो कृति सुरुचिपूर्ण लाग्दछ । अनावश्यक, लम्बेतान र झर्को लाग्दो वर्णन कतै छैन । यो आत्मवृत्तान्त वा आत्मकथाकै विशृङ्खलित रुप हो । यसमा व्यक्ति विष्णुप्रसाद पन्त, उहाँको जन्मस्थल (काभ्रे) र कर्मस्थल (काठमाडौँ)का अनेक विम्बहरु हाम्रा अगाडि साक्षात् हुन आएका छन् र जीवनोपयोगी सन्देश प्रदान गरेका छन् ।

अन्तमा, विष्णु सरले आफ्ना नितान्त निजी अनुभूतिहरुलाई आफूले भोगेको पीडालाई, प्राप्त गरेको उपलब्धिलाई लिपिबद्ध गर्ने जुन प्रयास गर्नुभयो यो अत्यन्त

प्रशंसनीय कार्य हो । म यस प्रयासको प्रशंसा र स्वागत गर्न चाहन्छु । यसले धेरै युवाहरुलाई धैर्यशील, सहनशील र कर्मशील बन्ने प्रेरणा दिन्छ भने प्रौढहरुलाई एकपटक गम्भीर बनेर आफ्नो अतीततर्फ फर्कन बाध्य बनाउँछ । आगामी दिनमा सूत्रात्मक रुपमा आएका यिनै सन्दर्भहरुलाई शृङ्खलित, व्यवस्थित र विस्तारित गरेर आत्मकथात्मक ग्रन्थ लेखन र प्रकाशनका लागि विष्णु सरलाई विनम्र आग्रह गर्दै यस लेखनलाई बिँट मार्न चाहन्छु ।

२०७१ आश्विन १
वसुन्धरा, काठमाडौँ

डा. शैलेन्दुप्रकाश नेपाल



# मेरो भन्नु

जीवन घटनै घटनाको सङ्ग्रह हो । प्रत्येक पल श्वास लिँदा र छोड्दा कुनै पनि घटना घट्न सक्दछ । सबै घटनाहरु सम्झिन सकिँदैन । कतिपय घटनाहरुले आनन्द दिने गर्दछन्, कतिले सुखको अनुभूति गराउँदछन् । कुनै घटनाले पीडा दिने गर्दछन् भने कुनैले ज्ञान दिने, सही मार्ग निर्देश गराउने, आत्मबोध गराउने, समाजलाई शिक्षा दिने आदि किसिमका हुने गर्दछन् । ठुलाभन्दा साना घटनाले दिल छुने गर्दछन् । संसारमा ठुला वस्तुले भन्दा साना वस्तुले भित्रसम्म छुने गर्दछन् । ती छुवाइहरु पीडादायी र सुखदायी कुनै पनि किसिमका हुन सक्दछन् । दृश्य र अदृश्य दुबैखाले घटनाले उत्तिकै भूमिका खेलदछन् । आँखाभित्र पर्ने कसिंगर होस् वा मुट छुने शब्द होस् । यी दुबैले आफ्नै किसिमबाट छुने काम गरेका हुन्छन् । पीडा वा आनन्दको अनुभूति भएको हुनसक्छ । यी दुबै ठुला वस्तु हुँदैनन् । ठुलाभन्दा बढी साना घटना कम बिर्सने हुन्छन् ।

यस स्मृति सङ्ग्रहमा मैले केही साना घटनाहरुको बारेमा सङ्क्षेपमा उल्लेख गरेको छु । यी घटनाहरु पाठकहरुको लागि सामान्य लाग्न पनि सक्दछ, तर मेरो स्मरणमा रहेर बारम्बार मलाई घच्घच्याउने काम गर्दै गरेकाले मैले बिर्सिन नसकेका यी घटनाहरुले मलाई मार्गनिर्देश गर्दै गरेको महसुस मैले गरेको छु । हुन त, मेरो यो लामो जीवनयात्राका कैयौँ घटनाहरु अविस्मरणीय छन्, जसलाई मैले यस सानो पुस्तकमा समावेश गर्न सकेको छैन । कति कटनाहरु महत्त्वपूर्ण घटे होलान् तर ती घटनाको मलाई सम्झना नरहेको पनि हुन सक्दछ। यो पुस्तकले पाठकहरुलाई केही प्राप्त भएको महसुस नगराउन पनि सक्दछ तर मैले प्रकाशित गर्ने प्रयास गरें । यसको लागि यहाँहरुसँग क्षमा चाहन्छु कि पढ्दा समय बेकारमा खेर गयो भन्ने नसंझिदिनुहोला ।

आफ्नो मनमा अड्केका कुराहरुलाई सबैले कुनै न कुनै माध्यमबाट व्यक्त गर्दछन् नै । त्यसै क्रममा मैले पनि मनमा अड्केका घटनाहरुलाई यहाँ पोख्ने काम मात्र गरेको हुँ । यसले मेरो मनको बोझ केही हल्का भने अवश्य नै पारेको छ। यस्तो पुस्तक निकाल्नु राम्रो हुन्छ भनेर पटक-पटक मलाई प्रेरित गर्नुहुने मेरा मित्र श्री प्रयागराज वाशिष्ठज्यूलाई पनि म स्मरण गर्न चाहन्छु । यस पुस्तकलाई हेरी महत्त्वपूर्ण



भूमिका लेखिदिनुहुने डा. शैलेन्द्रप्रकाश नेपालज्यूप्रति पनि सादर धन्यवाद दिन चाहन्छु साथै यस पुस्तकलाई प्रकाशित गर्न विविध पक्षबाट सहयोग गर्नुहुने मेरा प्रिय छात्र डा. विष्णुकुमार खत्रीप्रति विशेष आभार प्रकट गर्दछु । उहाँले सहयोग र उत्साह नथपिदिएको भए सायद यो पुस्तकको जन्म नै हुने थिएन होला । आफ्नो अमूल्य समय दिएर उहाँले पुऱ्याउनु भएको सहयोगलाई म कहिल्यै बिर्सने छैन । त्यस्तै कम्प्युटर राम्ररी टाइप गरी सुझाव समेत दिँदै सहयोग गर्नुभएका श्री कालिदास पाण्डेप्रति म हार्दिक धन्यवाद दिन चाहन्छु ।

मेरी श्रीमती मञ्जु पन्त, भाइ चन्द्रप्रसाद पन्त र छोरी श्रद्धा पन्तलाई पनि सहयोगको लागि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, मेरा शुभेच्छुकहरु सबैलाई स्मरण गर्दै यहाँहरुमाझ यो स्मृतिका तरङ्ग पुस्तक अर्पण गर्दछु ।

# स्मृतिसूची


| क्र.सं | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १. | मन नलाग्दा | १३ |
| २. | खुला हृदय | १५ |
| ३. | मिठो उत्तर | १७ |
| ४. | नहुँदाको रहर | १९ |
| ५. | प्रेरणाका शब्दहरू | २१ |
| ६. | बिर्सिदाको याद | २३ |
| ७. | यो कस्तो नाता ? | २५ |
| ८. | शैलुङको यात्रा | २८ |
| ९. | बुझेपछिको डर | ३१ |
| १०. | अठोटबाट आविष्कार | ३४ |
| ११. | बलियो विचार | ३७ |
| १२. | ज्ञानरूपी थप्पड | ३९ |
| १३. | उद्देश्यविनाको झगडा | ४२ |
| १४. | नयाँ जीवन | ४५ |
| १५. | उत्साही बालक | ४९ |
| १६. | समय नबुझ्नु | ५२ |
| १७. | विवशता | ५५ |
| १८. | अज्ञानता | ५९ |
| १९. | नबिर्सने घटना | ६२ |
| २०. | कुन ठिक कुन बेठिक | ६४ |





| | | |
|---|---|---|
| २१. | बाल्यावस्था | ६६ |
| २२. | रहरै रहरको जीवन | ६८ |
| २३. | छोरो हुनुमा पीडा | ७० |
| २४. | ढुङ्गो टुसायो | ७२ |
| २५. | महान् पिता | ७४ |
| २६. | मायावी सर | ७६ |
| २७. | अर्थ बुझ्न बाँकी | ७९ |
| २८. | नबिर्सिने यात्रा | ८२ |
| २९. | रेडियोसँगको पहिलो भेट | ८५ |
| ३०. | गुणले जितौं | ८७ |
| ३१. | उपाय आफैंमा हुन्छ | ८९ |
| ३२. | कहाँ छ समाज | ९१ |
| ३३. | यस्तो पनि हुंदोरैछ | ९३ |

# १ मन नलाग्दा

खेल्न रहर लाग्ने र मन पर्ने बेलामा पढ्न कसलाई मन लाग्छ होला र ? त्यसबेला पढाइलाई खेलको रुपमा सिकाउन सके र सिक्नेले पनि खेलकै रुपमा लिन सके मात्र त्यो उपलब्धिमूलक हुन सक्छ । मलाई मेरो बुबाले खरीको पाटीमा लेख्न सिकाउनका लागि माटो हालेर ल्याउन भन्नुहुन्थ्यो । त्यतिबेला म सायद ४/५ वर्षको थिएँ होला । मलाई पढ्न र लेख्न पटक्कै मन लाग्दैनथ्यो । त्यसैले माटो खोज्ने निहुँमा निकै पर गएर अलमल गर्दै खेलेर बस्दथेँ ।



यत्तिकैमा कहिले बुबा आएर हप्काउँदै मलाई तानेर लग्नुहुन्थ्यो र आफैँले माटो मिलाएर सिन्काले लेख्न लगाउनुहुन्थ्यो भने कहिलेकाहीँ चाहिँ म माटो पाटीमा हालेर बिस्तारै घरतिर जान्थेँ । सकेसम्म म ढिलो गर्थें किनकि बुबा घरबाट अरु कुनै कामले बाहिर जानुभए लेख्नु-पढ्नु पर्दैनथ्यो र सारै मज्जा हुन्थ्यो । ढिलो गरेर जाँदा किन ढिलो गरेको भनी हप्काउनुहुन्थ्यो । म चाहिँ धेरै डराएर पाटीमा हाल्ने माटो नै पाइएन त्यसैले ढिला भयो भन्ने उत्तर दिन्थेँ । त्यसपछि बुबाको एकोहोरो कडा रिसको झोक ममाथि पर्दथ्यो । जतातते माटैमाटो हुँदा पनि पाइएन भनेर झुट बोल्ने भन्दै पिट्नुहुन्थ्यो । यस्ता घटनाहरु दोहोरिइरहन्थे । मैले अक्षर चिन्ने र चिनाउने बेलामा खास गाउँमा कलम, कापी, स्लेट आदिको सुविधा थिएन । ठुला मानिसहरु पनि बाँसको कलम बनाएर लेख्थे । पात र काठ पकाएर मसी बनाउँथे । कसैकसैले चक्की मसी धुलो बनाएर सिसीभित्र राखेर नरम कपडा त्यसभित्र भिजाइराखेको हुन्थ्यो । बाँसको कलम त्यसमा चोप्दै लेख्नु पर्दथ्यो ।

●

# २ खुला हृदय

सामान्य परिवारमा अभावको सङ्ख्या अनगिन्ती हुन्छ । अभावमा बाँच्ने बानी बसाल्नु त्यस परिवारको बाध्यता नै हुन्छ । कहिले राम्रो कपडाको अभाव त कहिले दुई छाक पेटभरि खाने, कहिले सामान्य औषधिको त कहिले ढिँडो र रोटीका लागि घाँटीबाट भित्र लैजाने साथीको अभाव । यस्ता कैयौँ अभावबाट म हुर्किएँ । त्यसको दोष म कसैलाई पनि दिन चाहन्नँ केवल परिस्थिति नै यसको जिम्मेवार ठान्दछु ।

एकदिन म बिहानको १० बजेतिर आमाको बोलावटपछि खाना खान घरभित्र गएँ । मेरो



शरीरले शक्ति खोजिरहेको थियो । त्यस दिन आमाले मकैको पिठाको सुखा धुलो (भिजेको पिठोलाई कराहीमा मुछेर सुखा बनाएको खाना) बनाउनुभएको रहेछ । त्यसैले दूध, दही वा मोहीको साथ मात्र त्यो खाना खान सक्ने देखेँ । त्यो देखेर म एउटा भान्जो लिएर नजिकैको ठुलाबाको घरमा गएँ । म भाँडो बोकेर नाङ्गो खुट्टा, मैलो र फाटेको कपडामा गएको थिएँ । उहाँले खाना खाँदै गरेको अवस्थामा मतिर हेरेर केही दिन ठुल्यामालाई भन्नुभयो तर ठुल्यामाले छैन भनेको सुनेपछि उहाँले आफूले खाँदै गरेको दुध कचौराबाट मेरो भाँडामा खन्याई "जा बाबु राम्ररी खा, फेरि फेरि पनि आउँदै गर् है" भन्नु भएको वाक्य सधैँ स्मरण गर्दछु । आज ठुलाबा यस संसारमा हुनुहुन्न । उहाँ सबैलाई सहयोग गर्ने उदार व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरा मैले पछि मात्र बुझेँ तर त्यसबेला उहाँ हामीबिचबाट सदाका लागि टाढा भइसक्नुभएको थियो । उहाँको खाँचो सबैमा खड्किएको छ ।

●

# ३ मिठो उत्तर

एकदिन साँझमा मेरो जेठी फुपूको श्रीमान् जसलाई म फुपाजु (भिनाजु) भनेर आदरसाथ सम्बोधन गर्ने गर्दथैं, उहाँ हाम्रो सानो २ तले खरले छाएको फुसको छाना भएको घरमा टुप्लुक्क आइपुग्नुभयो । उहाँ संस्कृत विद्यालयमा कुन्नि कताको प्रधानाध्यापक हनुहुन्थ्यो । मैले र मेरो बुबाले ढोग गर्‍यौं । सबै कुरा राम्ररी गर्दै आँगनमा बस्दा रात बढ्दै गएकाले हामी सबैजना घरभित्र गयौँ । घरको भुइँ तलामा एक छेउमा भैंसी, गाई र सँगै ३/४ ओटा बाख्रा बाँधिएका थिए र अर्कापट्टि



छेउमा हाम्रो भान्सा अनि सँगै बस्ने ठाउँ पनि थियो । यत्तिकैमा सबैजना त्यतै बस्यौँ । आमा भान्सामा खाना पकाउँदै हुनुहुन्थ्यो ।

भिनाजुले बुबापट्टि हेरेर, टुकीको उज्यालोमा भन्नुभयो- “बाबु, मलाई यो गाईभैँसीको फोहोरको गन्धले सारै दुःख दियो । यिनीहरुलाई अन्त राख्न मिल्दैन ।” यत्तिकैमा बुबाले भन्नुभयो- “बाहिर राख्दा धेरै कुराको डर हुन्छ, त्यसैले भित्र बाँध्न पर्ने हुन्छ ।” उहाँ अनुहार बिगारेर नाक थुन्दै हुनुहुन्थ्यो । यत्तिकैका आमाले खाना तयार भएको र खान आउन भन्नुभयो । म सानै थिएँ, तलै बसेर खान थालेँ । बुबा र भिनाजु भान्सामा गएर खान सुरु गर्नुभयो । भिनाजुलाई दुध, दही केही पनि दिने काम भएन । भिनाजु आफैँले “दुध छैन बाबु □ ” भनेर मुखै खोलेर भन्नुभयो । यत्तिकैमा बुबाले “फोहोर, गन्हाउने गाईभैँसीको दुध हजुरलाई कसरी दिने भन्ने ठानेर नदिएको” भन्नुभयो । यो सुनेपछि भिनाजु चुप लाग्नुभयो । बुबाले फेरि भन्नुभयो- “भिनाजु, हामीलाई यिनीहरुले यति धेरै सहयोग पुर्‍याएका छन्, तर हामी घृणा किन गर्छौं ? अब नगरौँ” भन्दै आमालाई दुध हालिदिन भन्नुभयो ।

●

# ४ नहुँदाको रहर

जेठी फुपूका जेठा छोरा भान्दाइ जसको नाम थियो ध्रुव पाण्डे, उहाँ हाम्रो घरमा विद्यालय छुट्टी भएको बेलामा केही दिन बस्ने गरी आउनुभएको थियो । उहाँका हातगोडा र कपडा सफा थिए । संस्कृत पाठशालामा पढ्ने हुँदा उहाँ बारम्बार संस्कृतका श्लोकहरु भन्दै हँ हँ, हुँ हु भँमराको जस्तो आवाज निकालिरहनुहुन्थ्यो । म उहाँभन्दा सानो थिएँ । उहाँले लगाएको चप्पल देख्दा मलाई पनि चप्पल लगाउने इच्छा पलाएको थियो । मलाई बुबाले किनिदिनुभएको थिएन । त्यसैले इच्छा पूरा हुने कुरै थिएन । एकदिन



ध्रुव दाइ र म हाम्रो घरको नजिकको हुर्के खोलामा नुहाउन गयौँ । नुहाएर फर्किदा धुलो माटो भएको बाटोमा ध्रुव दाइ अगाडि अगाडि म पछाडि आउँदै गर्दा उहाँको चप्पलले टेकेको ठाउँमा जुन पाइला बस्दछ, त्यही त्यही ठाउँमा टेक्दै पछिपछि आएँ । त्यसरी चप्पलको चिह्न लागेको ठाउँमा आफ्नो गोडा राख्दा मलाई निकै आनन्द आएको महसुस भयो । यो क्रमलाई मैले धेरै पटक दोहोऱ्याई आफ्नो चप्पल लगाउने इच्छा केही हदसम्म पूरा गर्न सफल भएको महसुस गरेको थिएँ ।

●

# ५ प्रेरणाका शब्दहरु

मामाघर सबैका लागि प्यारो हुन्छ, त्यसैले म पनि मेरो मामाघर पटकपटक केही समय बस्ने गरी जाने गर्दथैं । काभ्रे पलाञ्चोक जिल्लाको ठुलो पर्सेल गा.वि.स., रातमाटे भन्ने ठाउँमा मेरो मामाघर थियो । मेरा २ जना मामाहरु हुनुहुन्छ ।

एक पटक मेरा जेठा मामा डिल्लीप्रसाद त्रिपाठी देवी-भागवतको किताब पढ्दै हुनुहुन्थ्यो । त्यसबेला म सानै थिएँ । मामाले पढिरहेको किताबका सग्ला अक्षरहरु म पनि सँगसँगै पढ्ने कोसिस गर्दै थिएँ । मामाले भन्नु भयो– "गहते



पन्त पढ्न सक्नु छैन, ल यो किताब खरर पढ, पढिसक्यौ भने किताब तिमीलाई नै दिन्छु ।" मैले केहीबेर पढ्न कोसिस गरेँ तर सकिन । त्यसको केही वर्षपछि पुनः मामा देवीभागवतको त्यही पुरानो ध्वाँसो लागेर कालो भइसकेको पुस्तक निकालेर घर बाहिर दलानमा बसी पढ्न लाग्नुभयो । त्यो देखेर मलाई पुरानो भनाइको याद आयो अनि मैले भनेँ- "मामा, लौ त्यो किताब मलाई दिनुहोस् । म खरर पढेर तपाईँलाई सुनाइदिन्छु । अनि मैले यो किताब लान पाउँछु हैन ?" यो सुनेर मामाले आँखाभरि आँसु पार्दै "कति सम्झिराखेको बाबु □ लान सक्नुहुन्छ, लौ यो तपाईलाई नै दिन्छु" भन्नुभयो । मैले भने- "मामा, हजुरलाई धन्यवाद □ अहिले चाहिँ यो किताब हजुरसँगै रहोस् ।"

●

# ६ बिर्सिंदाको याद

मेरो गाउँमा कक्षा ५ सम्म मात्र पढाइ हुने विद्यालय भएको हुँदा कक्षा ५ पास गरेपछि अर्को गाउँमा गएर माथिल्लो कक्षा पढ्ने बाध्यता थियो । कक्षा ५ मा म प्रथम भएको थिएँ । अरु पास भएका मेरा साथीहरु अन्यत्र पढ्न गए । मेरो घरमा परिस्थिति फरक थियो । म पढ्न जान सकिनँ । बुबा बिरामी, आमा पनि काम गर्न नसक्ने । आर्थिक अवस्था कमजोर, म कसरी पढ्न सक्थेँ । घर, खेतबारीको काम मैले नै गर्नुपर्‍यो । त्यसले गर्दा मैले नियमित पढाइ सञ्चालन गर्न सकिनँ । एक वर्ष म घरमै बसेँ ।



करिब २ वर्षपछि म पलाञ्चोक खरेलथोक गा.वि.स. स्थित भगवती विद्यालयमा कक्षा ८ मा भर्ना हुन योग्य भएँ । म त्यसै विद्यालयमा पढ्न थालेँ ।

एकदिनको घटना हो- म डेराबाट करिब १ घण्टाको ठाडो उकालो हतारमा पसिना चुहाउँदै विद्यालय पुग्दा कक्षा सुरु भैसकेको रहेछ । कक्षामा अङ्ग्रेजी विषयको शिक्षक जर्ज सर प्रश्न सोध्दै हुनुहुन्थ्यो । अनुमति लिएर प्रवेश गरी सिटमा बस्दै गर्दा सरले एउटा पाठ कण्ठ सुनाउन भन्नुभयो । मैले पाठ कण्ठ गरेको थिएँ तर हतारमा हिँड्दै आएकाले सुरुको शब्द  नै आएन । त्यसले गर्दा पाठ सुनाउन सकिनँ । सबै साथीहरु एकैचोटि हाँसे । सरले निलकाँडाको ल ीले मेरो दुबै हातमा पालैपालो यसरी पिट्नुभयो कि म थुचुक्क बसेर रुन थालेँ । मेरा दुबै हात सुन्निए । त्यस दिन मैले पढ्न पनि सकिनँ । रुँदै विद्यालयबाट डेरातिर लागेँ । यो नै मैले शिक्षकबाट पाएको पहिलो र अन्तिम पिटाइ थियो ।

●

# ७ यो कस्तो नाता ?

पण्डित भवनाथ खकुरेल काभ्रे पलाञ्चोकका प्रायः धेरै व्यक्तिसँग परिचित नाम हो । उहाँ कर्मकाण्ड समेत गर्ने र घरमा पनि नित्य पूजा आदि धार्मिक कार्यहरु गरिरहने प्रस्ट वक्ता र स्वाभिमानी व्यक्ति हुनुहुन्थ्यो । हामी भाडामा बसेको घर उहाँको घरसँगै थियो । हाम्रो घरको मालिक आफैँलाई कोठा चाहिएकाले कोठा सर्नुपर्ने भयो । त्यत्तिकैमा उहाँले आफ्नो घरको एउटा कोठा खाली छ बस्ने भए बस भन्नुभयो । मेरो एकजना साथी र म उहाँको घरमा बस्न गयौँ । उहाँले भाडा लिन मान्नुभएन । तिमीहरु



मेरा छोराजस्तासँग पनि म भाडा लिन्छु भन्नुभयो । बिहान बेलुका म उहाँसँग बस्थैं र घरमा परेका सबै काममा सहयोग गर्दथैं । उहाँले मलाई उत्साह बढाउने प्रेरणादायक कुराहरु भन्नुहुन्थ्यो । उहाँको मप्रतिको भावनालाई मैले राम्ररी बुझेको थिएँ । उहाँको नित्य काममा फूल टिप्ने, पानी लाइदिएर कहिलेकाहीँ खाना पकाएर र फुर्सदको बेलामा खेतबारीमा काम गरेर म व्यस्त नै हुन्थैं । केही महिना बस्दै गर्दा हाम्रो कक्षा ८ को अन्तिम परीक्षा पनि सकियो र कक्षा ९ पढ्न अर्कै विद्यालयमा जानुपर्ने भयो । म त्यो घरबाट अन्यत्र जानुपर्ने भएपछि उहाँको अनुहारमा परिवर्तन आउन थाल्यो । उहाँले अब मलाई एक्लै पार्ने भइस् बाबु भन्नुभयो । उहाँका र मेरा आँखामा आँसु टलपल थिए । म पनि भाव विभोर भएर केही बोल्न सकिरहेको थिइनँ । भोलिपल्ट बिहानै म आफ्नो सामान लिएर घरबाट बिदा भै निस्किँदा उहाँले मलाई बिदाइ पनि गर्न सक्नु भएन ।

मैले आफूलाई माया गर्ने अभिभावकलाई छाडेर निस्केको यो पहिलो अनुभव थियो । १० वर्षपछि उहाँसँग मेरो भेट भयो । उहाँले मलाई नछोडी सँगै घर लिएर आउनुभयो । घर पुग्दा रात परिसकेको थियो । राति अबेरसम्म एकअर्कामा गफ गर्दै रह्यौँ ।

उहाँले धेरै अर्ती, उपदेशहरु दिनुभयो जुन आज मेरा लागि बाँच्ने र केही गर्ने आधार हुन पुगेको छ ।

भोलिपल्ट बिहान सबैरै उठेर उहाँले चिया बनाउन लगाएर मेरो ओछ्यानमा नै पठाउनुभएछ । चिया खाइसकेपछि उहाँको कोठामा गएँ र बिदा मागी म काठमाडौंतिर आएँ । बिदा माग्दै गर्दा उहाँले एउटा सानो पोको मेरो हातमा राखिदिनुभएको थियो । त्यो पोको बाटामा भोक लागेपछि खोलेर हेर्दा कुराउनी चिउरा रहेछ । मैले आँखाबाट आँसु झार्दै चौतारामा बसेर खाजा खाएँ । यस्तो माया गर्ने अभिभावकले अब मलाई मात्र होइन संसारलाई नै छोडेर गैसक्नुभएको छ । उहाँजस्ता पुरुषको जन्म सधैं भइ नै रहोस् जसले गर्दा मजस्ता व्यक्तिले सही अर्ती र उपदेश पाउन सक्ने छन् ।

●



# ८ शैलुङ्को यात्रा

२०२४ साल माघ महिनाको घटना हो । रामेछाप जिल्लाको शैलुङ महादेवको दर्शन गर्दा मनको इच्छा पूरा हुन्छ भन्ने बुढापाकाको भनाइ सुनेको आधारमा मैले पनि दर्शन गर्ने अठोट गरेँ । सोहीअनुरुप एका बिहानै झिस्मिसेमा गाउँका अग्रज व्यक्तिहरुको साथ भोकै त्यसतर्फ प्रस्थान गरियो । उकालो ओरालो गोरेटोलाई पहिलाउँदै हामी निरन्तर हिँडि नै रह्यौं । कहिले बाटामा चर्दै गरेका गाईभैँसीहरुले लखेट्ने गर्दथे भने कतै लेकका ठुला ठुला देख्दै डरलाग्दा कुकुरहरुको भुकाइ र डरबाट जिउ कमाउँदै हामी अगाडि

बढ्दै गयौँ । ठुला ठुला उकाला र त्यसपछि ओरालो झर्दै हामी चौरी खोलमा पुग्यौँ ।

त्यतिबेरसम्म भोकले पनि धेरै सताइसकेको थियो । गोडा पनि थाकिसकेको अवस्था थियो । चौरी खोलो हिँडेर तर्न मुस्किल रहेछ । त्यसैले तर्नका लागि काठको साँगु बनाइएको रहेछ । एउटा काठ झन्डै २ सय फिट माथि तेर्स्याएर राखेको थियो । १ फिट जति चौडाइ रहेको उक्त काठमा टेकेर खोला तर्न निकै डर लाग्दो र जोखिमपूर्ण थियो । केहीगरी तल खसियो भने बाँच्ने सम्भावना कमै थियो । हामीले उक्त साँघु तर्नुको कुनै विकल्प पनि थिएन । यत्तिकैमा तर्ने तर्खरमा लागियो । केही तरेर पारिपट्टि पुगे भने केही हामी तर्न नसकी वारिपट्टि नै बस्यौँ । एकजना हाम्रो सहयात्री दाजुले मलाई बोकेर पारि पुऱ्याउने अठोट गर्नुभयो तर मलाई झन् डरले पुरै जिउ काँपिरहेको थियो । यत्तिकैमा उहाँले मेरो आँखामा रुमाल बाँधेर आफ्नो पिठ्युँमा बोक्नुभयो र मलाई थाहै नदिई पारि पुऱ्याएर मात्र आँखाको रुमाल खोल्नुभयो । मैले लामो सास फेरेर ती दाइप्रति आभार प्रकट गरेँ । अरु केही साथीहरुलाई पनि बोकेर तार्ने काम भयो ।

सबैजना तरिसकेपछि हामीहरु बिस्तारै उकालो चढ्न थाल्यौँ । बाटामा सुन्तलाको घारी भेटिन्थ्यो । स्थानीय व्यक्तिहरु



नौलो मानिस देख्दा अचम्म मानेर हेर्दथे । कोही स्वागतको भाव व्यक्त गर्दथे । कोही डराएजस्तो पनि देखिन्थे । दिन ढल्कँदै थियो । भोक र थकाइले गोडा गलाउँदै लगेको थियो । बस्ती सकियो । जङ्गलको बाटो उकालो चढ्दै शैलुङको जङ्गल क्षेत्रमा प्रवेश गऱ्यौँ । हिउँले ढाकेको पहाडसँगै रहेकाले ज्यादै चिसो ठाउँ, पहाडको उच्च भागमा रहेको महादेवको प्रकृतिद्वारा निर्मित तीर्थस्थल ज्यादै अप्ठ्यारो भीरको बिचमा ओडारमा रहेछ । त्यो भीरका फेदीमा सानो खोला रहेछ । खोलाबाट कतै डोरीको सहारा लिएर, कतै एउटा काठको लिस्नो चढेर भीरको भित्ता समाउँदै घिस्रँदै निकै माथि चढेपछि ठुलो ओडार रहेछ । त्यहीँ ओडारमा रातभर बसी महादेवको पूजा अर्चना गरेर आफूले लगेका खानाहरु खाइयो र रातभर त्यत्तिकै ओडारमा जाग्राम बस्ने काम गरियो । बिहान सबै उठेर पुनः पूजा गरेर आफ्ना इच्छाहरु महादेव समक्ष राख्दै पूरा गर्न अनुरोध गरेर बिस्तारै तलतिर झरियो र फर्कने काम भयो ।

●

# १ बुझेपछिको डर

घटना वि.सं. २०२३ सालको हो, जुनबेला म मेरो गाउँमा थिएँ । सायद असारको अन्त्य वा साउनको पहिलो हप्तातिर हुनुपर्छ, खेतमा रोपाइँ गर्ने बेला थियो तर खोलामा पर्याप्त पानी थिएन । रोपाइँ गर्नेबारे बुबासँग मेरो छलफल हुँदा मैले भनेको दिन रोपाइँ हुन सक्दैन भनेर बुबाले उक्त दिन रोपाईं नगर्ने भन्नुभयो तर मैले रोपार र लाठेहरु भनिसकेको थिएँ । त्यसैले गर्दा उक्त दिन रोपाईं गर्नु आवश्यक नै थियो । राति खाना खाइसकेपछि हामी आफ्नो कोठामा सुत्न गयौं । मलाई रोपाइँ गर्ने कुराले गर्दा धेरै चिन्ता लाग्यो र



निद्रा नै परेन । एक्कैछिन निद्रा परेछ । त्यसपछि ब्युँझेर काँधमा कोदालो बोकेर बेँसीतिर झरेँ ।

रात कति गयो, कति बाँकी छ भन्ने मलाई केही थाहा थिएन । म मूल बाटाबाट एक्लै बेँसीतिर झरेँ । सामान्य बाटासम्म देख्न सकिने उज्यालो थियो । मेरो अगाडि कोही हिँडे जस्तो लाग्दथ्यो । केही कुरा गरेको आवाज सुन्दथेँ तर कुरा भने केही पनि बुझिँदैनथ्यो । म आफ्नो हिँडाइलाई अति तीव्र बनाएर अगाडिको मान्छेलाई भेट्न खोज्छु तर जति हिँडे पनि भेट्नै सकिनँ । कुरा गरेको मात्र सुन्दछु । यसरी म बेँसीमा पुगेँ । दुईतिर जाने बाटो थियो म एकातिर लागेँ । त्यो मानिस जस्तो आकारको वस्तु अर्को बाटातिर गयो र कुरा पनि सुन्न छोडेँ । त्यसपछि म आफ्नो खेततिर लागेँ । खेतमा पानी भर्ने काम गरेँ । पुरै खेत भिजाई रोपाइँका लागि तयार हुँदा बल्ल उज्यालो भयो ।

यसरी राति एक्लै हिँडेर खेतमा गई त्यसरी काम गरेको र मैले हिँड्दै गर्दा मेरो अगाडिको कुरा अरुलाई भन्दा सुन्ने व्यक्ति धेरै डराए किनकि त्यो कुरा गर्ने र मानिस जस्तो वस्तु डरलाग्दो भूत वा पिशाच जस्तो कुनै खतरनाक वस्तु हुनुपर्छ भन्न थाले । मलाई भने त्यसबारे कुनै डर थिएन र डर लागेको पनि थिएन । बुबाले मलाई गाली गर्नुभयो । केही

भएको भए के हुन्थ्यो ? एकदिन पछि रोपाइँ गर्दा पनि के फरक पर्थ्यो र ? रातभरि नसुती यस्तो खतरा मोल्नु पर्ने के आवश्यक थियो ? भन्दै रिसाउनुभयो । बितेका घटनाहरु अरुहरुबाट सुन्दा पो मेरो जिउ डरले काँप्न थाल्यो । मलाई त्यस रातको घटना सम्भिँदा अहिले पनि डर लाग्दछ । सायद त्यसबेला त्यो भूत आदि डरलाग्दो वस्तु भन्ने थाहा भएको भए मेरो स्थिति के हुने थियो होला ?

●



# १० अठोटबाट आविष्कार

योगेन्द्रभक्त श्रेष्ठ सामाजिक क्षेत्रमा जानेबुझेका मानिसका रुपमा परिचित थिए । उनको पसल नक्साल भगवतीको मन्दिरको नजिक थियो । उनी दिउँसो कतै काम गर्दथे । पसलमा साँझ, बिहान बस्दथे र आवश्यक सामान खरिद गरेर ल्याइदिन्थे । पसलमा उनका श्रीमती र एकजना काम गर्न राखेको केटा बस्ने गर्दथे । पसल राम्ररी चलेको थियो । पसल आकर्षक पनि थियो र पसलमा बस्नेहरु व्यवहार पनि निकै राम्रो गर्दथे । पसलमा चिसो पेय पदार्थ, मदिरा लगायतका वस्तुहरु राखिएको थियो तर दाल चामलजस्ता वस्तुहरु राखेको थिएन ।

एक साँझको कुरा हो, म आफ्नै सामान दालमोठ आदि वस्तुको बिक्री गर्ने सिलसिलामा योगेन्द्रजीको पसलमा पुगेँ । मेरो राम्रो सम्बन्ध थियो । हामी एक अर्कामा निकै प्रिय थियौँ । म पसलमा पुगेर उभिँदै गर्दा उनले पसलभित्र आउन र बस्न आग्रह गरे । मैले पनि आग्रह स्वीकार गरी पसलभित्र पसेर नजिकै रहेको मेचमा बसेँ । यत्तिकैमा योगेन्द्रजीले एउटा आकर्षक कागजको खोल भएको पुरिया झिकेर फोर्नुभयो । त्यसको केही भाग मलाई पनि खान दिनुभयो र आफूले पनि खानुभयो । मैले खाएँ, ज्यादै मिठो स्वाद पाएपछि सोधे यो के वस्तु हो ? कुन मुलुकबाट ल्याएको हो भन्दा उनले आलुबाट बनेको चिप्स हो । यो अमेरिकाबाट ल्याएको भन्नुभयो । हेर्नुहोस् "विष्णुजी हाम्रो देशमा आलुको राम्रै उत्पादन छ, यहीँ यस चिप्सको उत्पादन गर्न सके राम्रो बिक्री हुन सक्थ्यो । यसप्रति कसैको ध्यान नै पुगेको छैन" भनेर बढो गम्भीर मुद्रामा योगेन्द्रजीले भनेको सुन्दा मलाई पनि यसको असर पर्‍यो । मैले सोधेँ के यस्तो चिप्स हामीले बनाउन सकिएला ? उत्तरमा उनले प्रयास गरेर त हेर्नुहोस मानिसले कस्ता कस्ता काम गर्न सक्छ भने यति काम पनि गर्न नसक्ला र ? अलिकति प्रयास गर्नुपर्छ अवश्य सकिन्छ । उनको यस्तो दृढ धारणा देखेर मैले उत्पादन गर्न प्रयास गर्ने प्रण गर्दै उनीबाट प्राप्त प्रेरणा र



हौसला साथमा लिएर घर आएँ । राति अबेरसम्म मनमा सोच्दै रहेँ र भोलिबाट कार्य थालनी गर्ने अठोट गरी बिस्तारै निद्रामा पुगेँ ।

मैले मेरी श्रीमती दीपा र भाइ चन्द्रको साथ लिएर अगाडि बढ्ने प्रयास स्वरुप एउटा ठुलो खालको स्टोभ, आलु कोरेर चाना बनाउने हाते कोरेसो, दुईटा ठुला बाटा, ठुलो फलामे कराई, पन्यु आदि सामान जम्मा गरेँ । प्रत्येक दिन फरक-फरक फर्मुला लगाएर आलुको चिप्स घिउमा पकाएर प्लाष्टिकको ब्यागमा बनाएको मिति र फर्मुला समेत लेखेर राख्दै गरेँ । महिनौँ दिन यसरी फरक-फरक फर्मुला लगाएर बनाउँदै, राख्दै जाँदा एकदिन बनाएको प्याकेट ठिक गुण र स्वादको पाइयो । त्यसै फर्मुला (सूत्र) प्रयोग गरेर पुनः उत्पादन गरियो यो पूर्ण सफल भयो । मेरो नमुना उत्पादन योगेन्द्रजीलाई खान दिएँ । उहाँ धेरै खुसी हुनुभयो र उहाँले आफ्नो पसलबाट बेच्न सुरु गर्ने वचन दिनुभयो साथै सफलताको शुभकामना पनि दिनुभयो । यो २०३८।३९ सालको घटना हो । उक्त दिन मैले कहिल्यै बिर्सन सकिनँ । चिप्सको उत्पादनले मलाई निकै सहयोग पुर्‍यायो ।

●

# ११ बलियो विचार

वि.सं. २०२८ सालमा म नेशनल कलेज, रामशाहपथ  काठमाडौँमा अध्ययन गर्दथेँ । त्यस कलेजमा शङ्करदेव पन्त प्रिन्सिपल हुनुहुन्थ्यो । उहाँको नेतृत्वमा त्यो कलेज बिहान, दिउसो र साँझ तिन समय सञ्चालित थियो । बिहान कमर्स, दिउसो साइन्स र साँझ आर्टस्का कक्षाहरु सञ्चालित थिए । ज्यादै अनुशासित कलेजका रुपमा हामीले जानेका थियौँ । विद्यार्थी र प्रशासन अनि शिक्षक, कर्मचारीहरु बिचको सम्बन्ध मर्यादित र अनुशासित थियो ।

प्रिन्सिपल सरले हामीलाई पोइट्री पढाउनुहुन्थ्यो । कक्षा लिइसकेपछि एकदिन उहाँले



मलाई बाहिर बोलाएर छात्रवृत्तिको सूचना निक्लेको छ दर्खास्त दिनु भनेर आफ्नो अफिसतिर जानुभयो । त्यसको केही दिनपछि फेरि मलाई कक्षा सकेपछि अफिसमा बोलाउनुभयो र किन दर्खास्त नदिएको भनी सोध्नुभयो । उहाँले मलाई पातलो कमिज, सुरुवाल र चप्पलको भरमा कलेजको कक्षाकोठाको प्रथम बेन्चमा देख्दै आएकाले मलाई एउटा गरिब विद्यार्थीका रुपमा सोच्नुभएर होला त्यसो भन्नुभएको । तर मैले आफूलाई कहिल्यै गरिब ठानेको थिइनँ । त्यसैले उहाँलाई प्रस्ट उत्तर दिएँ - "त्यो छात्रवृत्तिको सूचना गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि रहेछ । म त्यसमध्ये कुनैमा परिनँ । त्यसैले दर्खास्त नदिएको सर" भनेपछि उहाँले जाऊ भन्नुभयो र म कक्षातिर फर्किएँ । मैले आफूलाई न त गरिब ठानेँ न जेहेन्दार, यसमा म प्रस्ट थिएँ । धनको अभाव मसँग अवश्य थियो तर मनको म धनी थिएँ । त्यसैले म आज यस अवस्थामा आउन सफल भएको छु । हामीले आफूलाई कमजोर, गरिब, अशक्त, पिछडिएको, अभागी जस्तो कहिल्यै सम्झनु हुँदैन । यस सोचाइले हामीलाई अगाडि होइन अझ पछाडि धकेल्दछ ।

पछि उहाँले मलाई वर्षभरिको उत्कृष्ट विद्यार्थी घोषणा गरेर मेरो हौसला बढाई अगाडि बढ्ने मार्ग प्रशस्त गरिदिनुभएकामा उहाँप्रति म सधैँ आभार प्रकट गर्दै स्मरण गरिरहन्छु ।

●

# १२ ज्ञानरुपी थप्पड

वि.सं. २०३२ साल मंसिर महिनाको घटना मलाई सधैँ याद आइरहन्छ । म त्रि-चन्द्र कलेजमा डिप्लोमा दोस्रो सेमेस्टरमा मानविकी संकायमा अध्ययनरत थिएँ । दिउसो काम गरेर समय मिलाई साँझको कक्षामा सकिनसकी घन्टाघरस्थित कलेजमा पुगिन्थ्यो । हामी गाउँबाट आएका निम्न आयस्तर भएका विद्यार्थीहरुका लागि त्रि-चन्द्र कलेजको साँझका कक्षाहरु व्यवस्था गरिएको जस्तो ठान्दथ्यौँ । नजिकै रानीपोखरी, अगाडि घन्टाघर र सँगै फराकिलो एवम् सफा सडक, नारायणहिटी राजदरबारसम्म सिधा देखिने ।



चाडपर्वमा झिलिमिली हुने सहरको बिच भागमा रहेको यो कलेजमा विद्यार्थी हुन पाउँदा हामीलाई गौरवको महसुस हुन्थ्यो । साँझको शीतल वातावरणमा हामी सारै रमाएर कलेजको समय बिताउँथ्यौँ । पढाउने शिक्षकहरु पनि असल र अनुभवी हुनुहुन्थ्यो ।

एकदिन एकजना सरले मलाई एउटा खबर कसैलाई भनिदिन अह्राउनुभएको थियो । मैले उहाँले भनिदिनु भनेको खबर भन्न बिर्सेछु । त्यसको केही दिनपछि सायद उहाँले त्यो मानिससँग भेट गर्नुभएछ कि के भयो, उहाँले मलाई बोलाउनुभयो र एउटा खाली कक्षाकोठामा  अस्ति मैले भन्नु भनेको खबर भनिदिएको हो ? भनेर सोध्नुभयो । मैले भनिदिएको थिएँ भनेर उत्तर दिएँ । मेरो उत्तर सुन्ने बित्तिकै उहाँले मलाई यसरी थप्पडको वर्षा गराउनुभयो कि म थुचुक्कै भुइँमा बस्न पुगेछु ।

"तिमी बी.ए. तह पढ्ने विद्यार्थी भएर पनि गुरुसँग झुटो कुरा गर्ने, नभनेको कुरालाई भनेको भनेर मलाई ढाँट्ने, लाज लाग्दैन, बरु बिर्सेछु भनेको भए ठिक हुन्थ्यो" भन्दै यसरी थप्पड हानेको र गाली गरेको कुराले मलाई झुटो बोल्नबाट बचायो । त्यसपछि मैले कहिल्यै झुटो बोल्ने साहस गर्न सकिनँ र मेरो बानी सुध्रियो । यसरी त्यस दिन मेरा लागि

सरले दिनुभएको थप्पड मार्गनिर्देशक बन्न पुग्यो । म उहाँलाई कहिल्यै बिर्सन सक्दिनँ । सायद मपछिका विद्यार्थीहरुले यसरी थप्पड खाएका थिए भने परिणाम फरक पनि निस्कन सक्ने थियो होला तर मेरा लागि त्यो घटना शिक्षाको मूल मन्त्र बन्न पुग्यो । उहाँलाई म सधैँ स्मरण गरिरहन सकूँ ।

●



# १३ उद्देश्यविनाको झगडा

२०६९।७।१७ गते बिहान १० बजेतिर म आफ्नै घरपरिसरमा रहेको बगैँचामा यताउति गर्दै टहल्दै थिएँ । यत्तिकैमा मेरा आँखा फुलिरहेका फूलहरुमा पुग्दछन् । फूलको रस लिन आएका २ ओटा माहुरीहरु आपसमा लड्दै गरेको दृश्य मेरो अगाडि आइपुग्दा बडो अचम्म लाग्दछ । उनीहरुको बिचमा झगडा पर्नुको कारण के होला ? उनीहरुलाई जुनसुकै फूलबाट जसले जति पनि रस लिन सक्ने अवस्था छ । त्यहाँ किन यो फूलको रस लिन आएको भनेर भन्ने कसैको उपस्थिति छैन । उनीहरुले लगेको रस

पनि सबैले साझा रुपमा नै प्रयोग गर्छन् । त्यहाँ व्यक्तिगत सञ्चय हुने अवस्था पनि छैन । आफ्नो सम्पत्तिका रुपमा सञ्चित हुन सक्ने स्थिति पनि छैन । आफन्तको भविष्यलाई विचार गरेर वा आफन्तलाई खुसी पार्नु पर्ने अवस्था नै के हुन सक्दछ र ? आफ्नो प्रतिष्ठालाई उच्च राख्नका लागि केही गरेर देखाउनु पर्ने अवस्था पनि के होला र ? तैपनि ती परिश्रमी श्रमिक माहुरीहरुको त्यस्तो झगडा हुनुको अर्थ मैले ठम्याउन सकिनँ ।

मानिसलाई श्रम गर्न प्रेरणाका स्रोतस्वरुप, साँच्चिकै परिश्रमी, इमान्दार, अनुशासित प्राणीका रुपमा परिचित यी माहुरीहरुबिचको झगडाले मानवहरुलाई कस्तो प्रभाव पार्ला ? मानिसहरुले अब उनीहरुबाट के कस्ता कुराहरु सिक्ने होला ? मानव समाजमा आपसी मेलमिलाप सिकाउने, मिलेर काम गर्ने र मिलेर सँगै बस्ने ज्ञानको स्रोतका रुपमा रहेका माहुरी जातिमा यस्तो अवस्था पनि आउला भन्ने कल्पना सहज रुपमा गर्न सकिन्न । बिना उद्देश्य आपसमा लड्दा कसैलाई पनि लाभ हुँदैन । लड्नु असभ्यताको लक्षण हो । मिलेर काम गर्नु र सहनशील भई बस्नु सभ्यताको द्योतक हो । आपसमा लड्दै गर्दा ती दुबै माहुरीले आफूले पखेटामुनि जम्मा गरेर बोकिरहेको रस छरिन्छ, नोक्सान हुन्छ । त्यत्तिकैमा



हेर्दाहेर्दै एउटा माहुरीको एकातर्फको पखेटा नै चोइटिएर खस्दछ र उड्न गाह्रो हुन्छ, तैपनि ऊ लडि नै रहन्छ । धेरै बेरपछि दुबै माहुरी रस लिन छाडेर उड्छन् । त्यसपछि कता जान्छन् ? थाहा हुँदैन । धन्य छ ईश्वरको लीला  प्राणीहरुमा झगडा गराउने र त्यसैका कारणबाट संहार गराउने ।

●

# १४ नयाँ जीवन

वि.सं. २०४१ सालको कुरा हो । काठमाडौँ महानगरपालिका वडा नं. ७ चावहिलमा हाम्रो एउटा किराना पसल थियो । हाम्रो पसलको नजिकै बन्दै गरेको घरमा एउटा पीडित परिवार डेरा गरी बस्दथे । उनीहरुको एउटा सानो १० वर्षजतिको छोरा र १३ वर्षजतिकी एउटी छोरी थिए । उनीहरु हाम्रो पसलमा बारम्बार सामानहरु किन्न आउँदथे । परिवारका सदस्यमध्ये जो पनि आउने गर्दथे । उनकी छोरी सधैं सेतो पहिरनमा अँध्यारो अनुहार लिएर आउँदथिन् । उनको चेहरामा कहिल्यै मुस्कान देखिँदैनथ्यो । कलिलो उमेरमा किन



त्यस्तो पहिरनमा र त्यस प्रकारको स्थिति देखिएको हो जान्न उत्सुकता जाग्यो ।

एकदिन उनको बाबु सामान किन्न आएको बेला मैले जिज्ञासा राखेँ । उनले धेरै कुरा भन्न चाहेनन् । अर्कोदिन उनकी आमा आएको बेला मैले जिज्ञासा राख्दा दुबै आँखाबाट भलभली आँसु झार्दै बडो वेदनाका साथ सबै कुरा भन्न थालिन् । ती सानी बालिकाको २ वर्षअघि बिहे भइसकेको रहेछ । बिहे भएको १० दिनमा उनका पतिको अकस्मात् मृत्यु भएको रहेछ । उनको पतिको मृत्यु भएको ७ दिनमा बालिकाको ठुलो दाजुको पनि मृत्यु भएका कारण सबै घरबारी अरुलाई कमाउन दिएर सबै परिवार नुवाकोटबाट काठमाडौँ पसेका रहेछन् । घरमा बस्न नसकेर आँसु बगाउँदै काठमाडौँ आएको कुरा ती महिलाले रुँदै भन्दै गर्दा मेरा आँखा पनि रसाएका थिए । यो करुणादायी घटना सुनेपछि उनको त्यस परिवारप्रति सोच्ने मेरो दृष्टिकोणमा परिवर्तन भयो । ती महिला सामान किन्न आउँदा पछि पनि थप जानकारीहरु प्राप्त हुँदै गए । मैले ती महिलासँग छोरीको बारेमा विशेष चासो दिएर सम्झाउन थालेँ । ती बालिकालाई सेतो पहिरनबाट मुक्त गराउने सल्लाह दिएअनुसार बिस्तारै सेतोबाट पहेँलो, गुलाबी गर्दै रातोमा रुपान्तरण गरे । सरसफाइका साथै कोरीबाटी गर्दै जाँदा बिस्तारै तिनको

मुहारमा परिवर्तन देखिन थाल्यो । उनी दिनप्रतिदिन खुसीको नजिक पुग्दै गएको र मुस्कान फेरिँदै गएको देखिन थाल्यो । त्यसपछि मैले बिहे गरी पठाउन सल्लाह दिएँ । उनीहरु (बाबुआमा) दुबैजना मसँग राम्ररी खुलेर सल्लाह गर्न थाले । हामी निकै नजिक पनि भयौँ । मैले एउटा व्यक्तिलाई केटा खोजिदिने सहयोग गरिदिन अनुरोध गरेँ । उनले एकजना केही गरिखानसक्ने आँट र जाँगर भएको केटाको बारेमा कुरा ल्याए । मैले केटा हेरेँ, ठिकै लाग्यो । त्यसपछि कन्याका आमाबुबालाई बोलाएर केटासँग भेट गर्ने व्यवस्था मिलाएँ । केटाकेटीको देखादेखको वातावरण पनि तय गरियो । दुबै घरको सहमति भयो । बिहे पनि छिटै सम्पन्न भयो ।

एक विधवा बालिकाको पुनः विवाह गर्ने सबै चाँजोपाँजो मिलाएर ती बालिकाको नयाँ जीवनको सुरुवात भएको देख्दा अति खुसी लाग्यो । केही वर्षपछि ती विवाहित जोडीसँग २ सन्तानका साथ गौरीघाट नजिकै भेट भयो । मैले राम्ररी ठम्याउन सकिनँ र ती महिलाले चिनेर नमस्कार गर्दै परिचय गराइन् । उनका २ छोरा विद्यालय पढ्दै गरेको, पति पनि सरकारी स्थायी सेवामा कार्यरत रहेको र काठमाडौँमा आफ्नै घर बनाएर सुखसाथ बसेको सबै कुरा उनले बताउँदा मेरो मन अति खुसी हुन पुग्यो । त्यस दिन मैले सेतो पहिरन हटाई



रातो बनाउन सल्लाह दिएर राम्रै काम गरेछु भन्ने मनमा लाग्यो । उनीहरु चारजना मसँग हँसिलो अनुहारमा भावपूर्वक नमस्कार गर्दै बिदा भए । म उनीहरुलाई हेर्दै रहेँ । उनीहरुको बिहे गराइदिएर एउटा असल काम गरेछु भन्ने मलाई लाग्यो । ईश्वरसँग उनीहरुको कल्याण होस् भन्ने प्रार्थना गर्दै म गौरीघाटबाट गुह्येश्वरीतर्फ लागेँ । मनमनै ती पुराना दिनलाई केलाउँदै वर्तमान बिन्दुसम्म आएर पुनः ईश्वरलाई धन्यवाद दिएँ ।

●

# १५ उत्साही बालक

तिन वर्षको उमेरमा आमा परलोक भएपछि बाबुले अर्को विवाह गरेर घरमा नयाँ अनुहारकी सानीआमा भित्रिएको दिन खुसी मानेको एउटा कलिलो बालक पछि दिनदिनै रोएर बाँच्न वाध्य भएको थियो । ऊ कहिले घरका भाडावर्तन सफा गर्थ्यो त कहिले बारी र गाईवस्तुको गोठालो जान्थ्यो । सफा लगाउनु र मिठो खानु उसका लागि कल्पना मात्र थियो । सँगैका साथीहरु विद्यालय जाँदा ऊ घरको काममा सानीआमाको निगरानीमा नै बस्नु पर्दथ्यो । त्यस बालकको दुःख देख्न नसकेर उसका ठुलो बाबुका छोराले



भगाएर काठमाडौँ ल्यायो । काठमाडौँमा काम नपाएर पाटनको एक पाउरोटी कारखानामा उसले काम पाएछ । कारखानामा नै बस्ने, खाने तथा जुटको बोराकै ओढ्ने ओछ्याउने गरेर उसका दिनहरु बित्दै गएका थिए ।

एकदिन म त्यस कारखानामा पुगेँ । त्यस बालकले कलिला साना हातहरुले गरेका कामहरु देखेँ । कति छिटो ती हातहरु चलेका, कहिले केकका बट्टाहरुमा घिउ लगाउँने, कहिले बट्टामा केकको पिठो भर्ने । हेरिरहन मन लाग्यो । उसका ती हातहरु मेसिनजस्तै एउटै गतिमा चल्दथे । अनुहार पनि हँसिलो थियो । त्यो बालक मात्रै काम गरिरहेको होइन, खेलिरहेको थियो र आनन्द लिइरहेको थियो जस्तो देखिन्थ्यो । मैले त्यसका बारेमा धेरै कल्पना गरेँ । यस्तैगरी उसका हातहरु चल्दै गए । कामलाई रमाइलो मान्दै मिहिनेत र इमान्दारी साथ काम गर्दै अगाडि बढेमा एकदिन यो बालक सफल व्यक्ति बन्नेछ भन्ने मेरो मनमा लाग्यो । मैले मनमनै शुभकामना पनि दिएँ ।

केही वर्षपछि म मेरो साथीको पाउरोटी कारखानामा कुनै काम विशेषले पुगेको थिएँ । त्यो बालक अब त मिस्त्री भैसकेको रहेछ, जवान पनि भएछ । पहिले मासिक २००।- पारिश्रमिक पाउने बालक अहिले २०००।- पाउने भएछ ।

कारखानामा काम गरेर बचेको समयमा सामान बेच्न बजारमा पनि जाने र त्यसबाट छुट्टै कमिसन पनि पाउँदो रहेछ । मैले उससँग केही कुरा गरें । ऊ पनि खुसी भएर मसँग कुरा गऱ्यो । कताकता त्यसका बारेमा मलाई सम्झना रहँदै आयो । बिच-बिचमा उससँग बजारतिर भेट हुन्थ्यो । मलाई देखेर साइकल रोकेर नमस्कार गर्दथ्यो । म उसको हालखबर सोध्दथें । सरसल्लाह दिन्थें । यस्तैमा केही वर्ष मेरो उससँग भेट भएन ।

उससँग मेरो पहिलो भेट भएको करिब ३५ वर्ष भयो । त्यो सानो कलिलो बालक आज २ सन्तानको बाबु भैसकेको रहेछ । उसका ४ ओटा विशाल घरहरु काठमाडौं उपत्यकामा रहेछन् । १० रोपनी जति घडेरीका लागि भनेर जग्गा किनेर राखेको रहेछ । एउटा पाउरोटी कारखाना चलाइरहेको र त्यसमा २० जना काम गर्ने मानिस रहेछन् । एउटा सामान बेच्ने भ्यान र एउटा कार रहेछ । एउटा मोटरसाइकल पनि रहेछ । यसरी त्यो बालक आज यो अवस्थामा आउँदा पनि त्यत्तिकै काममा खटिएको, बडो उत्साहका साथ सबैसँग मिलेर काम गर्दै गरेको देख्दा मैले मिहिनेती, इमान्दार र उत्साही भएर जे काम गरे पनि सफलता मिल्दो रहेछ भन्ने ज्ञान प्राप्त गरें ।

●



# १६ समय नबुझ्नु

समय सबैका लागि समान छ । सबैलाई एउटै समय उपलब्ध छ । त्यही समयको सदुपयोग गरेर, समय अनुसार आफू चल्न सक्ने भए व्यक्ति सफल बन्न पुग्छ । त्यही समयलाई बुझ्न नसकेर भनौं या समयको सदुपयोग गर्न नसकेर भनौं व्यक्तिहरु निकै पछि परिरहेका हुन्छन् । ती असफल व्यक्तिहरु दोष अरुमाथि थुपार्ने गर्दछन् । कोही भाग्यलाई दोष दिने गर्दछन् । आ ˆ नो कमजोरी केलाएर हेर्नतिर कहिल्यै लाग्दैनन् । आफूले गरेका गल्तीहरु सच्याएर हिँड्नतिर लाग्दैनन् । समयको महत्त्वलाई बुझ्नतिर लाग्दैनन् । जसबाट समयको पूर्ण सदुपयोग गर्ने

प्रयास हुन्छ, त्यस्ता व्यक्ति नै सधैँ अगाडि बढ्न सफल हुन्छन् र उनीहरु नै खुसीसाथ बाँच्न सक्दछन् ।

आज विज्ञानले मानिसलाई धेरै वस्तुको आविष्कार गरेर दिएको छ जसबाट लिन सके थुप्रै लाभहरु पाउन सकिन्छ । तर मानिस यसको लाभ लिन र त्यसबाट समाजलाई सकारात्मक परिवर्तन गर्नतिर भन्दा ध्वंसात्मक क्रियाकलाप गर्नतिर उद्यत रहेको छ । विज्ञानले जुन असल प्रयोजनको कल्पना गरेर वस्तुको आविष्कार गरेको हो त्यसको भावना विपरीत वस्तुहरुको प्रयोग हुने गरेको छ । मानिस आफूलाई निकै योग्य र बुझ्झकी ठान्दछ तर ऊ मूर्ख सावित भएको सत्य कुरा उसलाई थाहा नै छैन । ऊ समयलाई बेवास्ता गर्दछ । सदुपयोगको सट्टा दुरुपयोग गर्छ जसबाट उसले ठुलो धोका पाउने पक्का छ । ठिक ठिक तरिकाले समयको प्रयोग गर्न आज व्यक्तिले बिर्सिन थालेको आभास हुन्छ । शिक्षित व्यक्तिले पनि समयको वास्ता नगर्ने र वस्तुहरुको दुरुपयोग गर्ने गरेको देख्दा मानिसप्रति दया जाग्दछ किनकि अब उसको विनासको अवस्था धेरै टाढा छैन । उसले अब छटपटीका साथ आँसु पिएर बाँच्न बाध्य हुनुपर्ने छ । एउटा घटनाको मलाई स्मरण हुन्छ ।

एकदिन मेरा आफन्तले कुनै कामका लागि मलाई बोलाउनुभयो । उहाँले मलाई दिउसो १ बजेको समय दिएर भेट्ने ठाउँ तोक्नुभएको थियो । म ठिक समयभन्दा ५ मिनेट



पहिले पुगें । उहाँ आइपुग्नुभएको थिएन । सामान्यतः बोलाउने व्यक्ति बोलाएको समयभन्दा पहिले पुग्नु पर्छ नै तर उहाँ ठिक १ घण्टापछि अर्थात् दिउँसो २ बजे मात्र आइपुग्नुभयो र मलाई अलि ढिला भएकामा माफ पाऊँ है भनेर बडा सानसाथ (हल्का तरिकाले) प्रस्तुत हुनुभयो । पर्खिंदा, पर्खिंदा दिक्क भैसकेको मेरो भावनाले उहाँको भनाइ र प्रस्तुति सहन सकेन । मैले तत्कालै भने महाशय तपाईँ नाडीमा घडी होइन चुरा लगाउने गर्नुहोस् । चुराले तपाईंको सौन्दर्य अवश्य बढाउने छ । त्यसैले घडीलाई मिल्काउन सल्लाह दिन्छु भनेर मैले जवाफ दिएँ । उहाँमा (मौन भएर) एक प्रकारले लज्जाको अनुभूति भएको आभास देखिन्थ्यो । त्यसपछि उहाँले ठिक समयमा सबै काम गर्न थाल्नुभएछ । धेरै वर्षपछि मेरो उहाँसँग पुनः भेट भयो । त्यस बखत उहाँले मलाई पुरानो कुरा स्मरण गराएर अब सधैं ठिक समयमा सबै काम गर्न थालेको हाँसेर सुनाउनुभयो । मप्रति उहाँको विचार अत्यन्त सकारात्मक रहेको पाएँ । त्यो दिन उहाँको जीवनको महत्त्वपूर्ण दिन बन्न पुगेछ । आज उहाँ ठुलो व्यक्तिका रुपमा स्थापित हुनुहुन्छ । उहाँले मबाट बोलिएका शब्दलाई उपदेशका रुपमा लिएर नै यसरी सफल बन्न सक्नुभएको हो भन्न सकिन्छ ।

●

# १७ विवशता

२०३४ साल मंसिर महिनाको घटना हो । म राष्ट्रिय विकास सेवा अन्तर्गत सिन्धुली जिल्लाको झाँगाझोली रातमाटा भन्ने ठाउँको प्रगतिशील माध्यमिक विद्यालयमा खटिएको थिएँ । विद्यालय बिदा भएको बेला गाउँ घुम्नु पर्ने हुन्थ्यो । त्यही क्रममा हामीले सुनकोसीपारिको एउटा पिछडिएको गाउँमा जाने निर्णय गर्‍यौँ । हामी काठको डुङ्गाबाट सुनकोसी तरेर बुट्रेन पाखो हुँदै ठाडै उकालो लाग्यौँ । गोरेटो बाटो, ठाडै उकालो, सुखा ठाउँ, कतै पनि पानीको चिसोपन नभेटिने, त्यस्तो ठाउँमा हामीले जिन्दगीमा पहिलो पटक हिँड्ने अवसर पायौँ ।

उकालो चढ्दै जाँदा थकाइ, तिर्खा, भोक सबैले च्यापे तर त्यहाँ न त बस्ने शीतल चौतारी



कतै भेटियो न पिउने पानी । खाने ठाउँ कतै छैन, घर पनि भेटिँदैन । सारै दुःखको महसुस हुन थाल्यो । वेकारमा आइएछ भनेर पछुताउन थाल्यौं, तैपनि कुनै विकल्प नभएपछि विस्तारै पाइला चढाउँदै गयौं । केहीबेरपछि एउटा फुसको छाप्रो बाटैको छेउमा भेटियो । बल्ल साहस आयो । छाप्रामा गएर पानी माग्यौं तर त्यहाँ पिउने पानी रहेनछ । पानी पाइएन । निराश हुँदै अगाडि बढ्दै गयौं । दिन पनि ढल्किँदै गएकाले बास बस्ने ठाउँका बारेमा पनि सोच्न थाल्यौं । यतिबेला हामीले निकै उकालो चढेर चिसो हावा पाउन थालेका थियौं । फाट्ट फुट्ट साना घरहरु देखिन थाले । अगाडि बढ्दै जाँदा हाम्रो बाटो पनि अब उकालो सकिएर अलि तेर्सो सुरु भयो । तेर्सो बाटो केहीबेर हिँड्न पाउँदा निकै रमाइलो लाग्यो । यत्तिकैमा बाटामुनि एउटा घर र सँगै गोठ पनि भेटियो । घरमा गयौं र पानी माग्यौं । गारो मानेर एउटा कुच्चिएको सिलावरको लोहोटामा आधा पानी ल्याइदिएर "पानी यत्ति हो बाँडेर खानु होला" एक जना अधबैंसे नारीले भनिन् । हामीले बाँडेर पानी पियौं । राति बास बस्नका लागि पनि आग्रह गर्‍यौं । घरको मालिक आएपछि उहाँसँगै कुरा गर्नुहोस् भन्दै उक्त महिला आˆनो कामतिर लागिन् । केहीबेरमा उनका श्रीमान् घाँसको भारी लिएर आइपुगे । आँगनमा भारी बिसाएर हामीतिर आए । हामी दलानमा बसेका थियौं । यतिखेर झमक्क साँझ पर्न लागेको थियो । हामीले नमस्ते हजुर भन्यौं । उनले पनि नमस्ते फर्काए । हामीलाई

को, किन, कताबाट, केकामले आउनुभयो भन्ने खालका प्रश्न सोधे । हामीले सबै कुरा प्रस्ट राख्यौं र बास बस्न समेत अनुरोध गऱ्यौं । उनले गोठको माथिल्लो तलामा बस्न स्वीकृति दिए । हामीले त्यहीं बस्ने अठोट गऱ्यौं ।

हामीले खानेकुरा केही बोकेका थिएनौं । बस्ने ठाउँमा गयौं र आ^नो झोला राख्यौं । यतिखेर भोकले च्याप्दै ल्याएको थियो । एकछिन गुन्द्रीमा दुबैजना पल्टियौं । घरधनीसँग खानेकुरा किन्ने अठोट गऱ्यौं र उनको घरमा दुबैजना गयौं । उनीहरु हाँडीमा केही भुट्दै थिए । धुवाँले गर्दा घरभित्र पस्न पनि हामीलाई निकै गाह्रो भयो । आ^ना कुरा राख्यौं । उनीहरुले भटमास बाहेक हामीसँग केही छैन, खाने भए भुटी दिन्छौं भने । हामीले हुन्छ भन्यौं । एक थाल झन्डै भरी भटमास र पातमा नुनको धुलो राखेर जम्मा १० रुपैयाँमा किन्यौं । थाल एक छिनमा फर्काउने गरी भटमास लिएर सुत्ने ठाउँमा गयौं । दुबै जनाले पुरै भटमास र नुन खायौं । थोरै पानी मागेर पियौं । गुन्द्रीमाथि सुत्यौं । भुसुक्कै निदायौं । राति एक्कासि म बिउँझिएँ । मेरो पेट फुलेर बेलुन जस्तो भएछ । त्यसपछि निदाउन सकिनँ । केहीबेरमा उज्यालो भयो घरधनीसँग बिदा भएर आ^नो बाटो हिँड्न सुरु गऱ्यौं । हामी दुबै जनालाई दिसा लाग्न थाल्यो । पेट पुरै खाली भयो । हामी लखतरान भयौं । हिँड्न पनि नसक्ने अवस्थामा पुग्यौँ ।



भगवान्ले हाम्रो सामु एउटा चिया पसलको उत्पत्ति गरिदिनुभएछ । हामी उक्त पसलमा गयौं र दुध नहालेको चियामा थोरै नुन समेत राखेर माग्यौं । २/२ कप चिया बिस्तारै पियौं । त्यसपछि पुनः हिँड्न सुरु गऱ्यौं । केही राहत मिल्यो, तागत मिल्यो । एकछिनमा हामी हाम्रो गन्तब्य गाउँमा पुग्यौं । त्यहाँ चिनजानको मानिसको घरमा गएर बस्यौँ । अति राम्रो ब्यवहार पायौँ । ३ दिन त्यहीं बसेर गाउँ घुम्यौं र गाउँका बारेमा एउटा रिपोर्ट तयार पाऱ्यौँ । कति असल स्वभावका मानिसहरु □ सारै मिलनसार, नम्र बोल्ने । सबै जातजाति मिलेर बसेका । छुट्टै संसार जहाँ न त कुनै झगडा थियो न दुःख । सबैजना सुख र शान्तिका साथ रमाइरहेका थिए । हामीलाई त्यहीं बस्न मन लाग्यो तर के गर्ने ? हाम्रो अर्कै काम र जिम्मेवारी थियो । हामी पुनः पहिलेको ठाउँमा फर्कियौँ ।

आज त्यहाँ मोटरको बाटो पुगिसक्यो रे, बिजुली बत्ती बलिसक्यो रे । त्यहाँ पहिलेजस्तो सुखशान्ति अब छैन रे । आपसमा विभिन्न आधारमा फुट पैदा भइसकेको छ रे । कसले त्यस्तो काम गऱ्यो ? कुन कारणले त्यहाँको सुखशान्तिको अन्त्य भयो ?

●

# १८ अज्ञानता

सायद म १०/१२ वर्षको उमेर हुँदाको घटना हो–जसलाई म आज पनि सम्झिरहन्छु । बुबा र म घरबाट केही टाढा रहेको पानीघट्टमा मकै पिस्न गएका थियौं । खहरे खोलाको किनारमा रहेको उक्त घट्टको पारिपट्टि ठुलो भिर थियो जसलाई स्थानीय व्यक्तिहरुले मालुवाको भिर भन्ने गर्दथे । हामीहरु घट्टमा पालो पर्खेर बस्दै थियौं । त्यसैबेला पारिपट्टिको भिरबाट एकजना मानिस मह झिक्न जाँदा भिरमा अड्किएका रहेछन् । फर्केर आउन नसकेर आत्तिएर चिच्याउँदै आˆ नो परिवारलाई बोलाइरहेका थिए । जीवनकै



बाजी राखेर मह काढ्न किन त्यसरी जानुपर्थ्यो ? विचारै नगरी त्यसरी अगाडि किन बढ्नु पर्थ्यो ? यी सब प्रश्न स्वाभाविक रुपमा उठ्छन् । उनको आवाज सुनेर उनकी श्रीमती तल खोलाको बगरमा आइपुगिन् ।

खोला त्यति ठुलो थिएन । बगरमा ठुलाठुला ढुङ्गा थिए । श्रीमतीसँग केही संवाद भयो तर हामीले बुझ्न सकेनौं । ती मानिस आत्तिएर कराएको सुनेर हामी पनि उनकी श्रीमती भएतिर गयौं । श्रीमती ज्यादै सरल स्वभावकी रहिछन् । उनले खोलाको बगरमा एउटा पातलो कपडा (जसलाई  बर्को❑ भन्ने गरिन्छ) ओछ्याएकी रहिछन् । आˆ ना श्रीमान्लाई त्यही बर्कोमा फाल हाल्न भनेकी रहिछन् । सयौं फिट माथिबाट हाम फाल्दा मानिस बाँच्ने सम्भावना नै थिएन तैपनि उनी आˆ ना श्रीमान्लाई त्यसै ठाउँमा फाल हाल्न भन्दै थिइन् । हामीले खास गरेर मेरो बुबाले अड्किएको व्यक्तिलाई "नआत्तिकन धैर्य गर्न भन्नुभयो । तिमी त्यहीँ बस्तै गर म आएर केही उपाय गर्ने छु । हडबड् नगरी बिस्तारै विचार गर । मलाई लाग्छ नआत्तिकन तिमीले भगवान् सम्झेर केही गर्न खोजे सफल हुन्छौ । म पनि आउँदै छु" भन्नुभयो । त्यसपछि ती मान्छे चिच्याउन छोडेर केही धैर्य गरे। बुबा त्यतैतिर जान अगाडि बढ्नुभयो । एकै छिनमा ती मानिस बिस्तारै फर्किन सफल भए ।

तल खोलाको बगरमा आएर हामी सबैसँग भेट गरे । बुबालाई विशेष धन्यवाद दिँदै आफूलाई सम्झाउँदै ढाडस दिएकामा ज्यादै खुसी भए । बुबाले अब उप्रान्त त्यस्तो भिरमा नजान सल्लाह दिनुभयो । उनका श्रीमान्-श्रीमती बिस्तारै घर फर्के । आपत्ति आइपरेको बेलामा सम्झाउने मानिसको पनि खाँचो पर्दो रहेछ र धैर्यपूर्वक काम गर्न सके जस्तोसुकै आपत्तिबाट पनि मुक्ति पाउन सकिन्छ भन्ने कुरा यस घटनाले प्रस्ट पारेको छ ।

●



# १९ नबिर्सने घटना

वि.सं. २०२६ सालको एउटा घटना हो जुनबेला म कक्षा १० मा पढ्दथें । त्यस घटनाको सम्झना अझ ताजै छ । लेख्नका लागि एउटा कपी किन्नु पर्ने थियो । कपीको मूल्य (सामान्य कपीको) रु १।- पर्दथ्यो । मसँग १ रुपैयाँ पनि थिएन । काठमाडौं कमल पोखरीको एउटा किराना पसलमा गएर म कपीको चाङ हेरेर उभिइरहें । पसलको मालिकले के चाहियो बाबु भनेर सोधे । मैले कपी चाहिएको कुरा र आफूसँग १ रुपैया पनि साथमा नभएको कुरा बताएँ । मेरो कुरा सुनेपछि कति कक्षामा पढ्छौ भनेर सोधे । मैले

दश कक्षामा पढ्दै छु भनैं । उनले मलाई सहयोग गर्ने अभिप्रायले "मेरा छोराछोरीलाई साँझ बिहान फुर्सद मिलाएर घरमा आएर पढाइदिनोस् तपाईंलाई चाहिने कलम कपी आदिको व्यवस्था म गरिदिउँला, हुन्न ?" भने । उनको कुरालाई स्विकारें । उनले ४ ओटा कपी दिए र कपी लिएर म फर्के । घरमा पढाउन जाँदा खाजा पनि खान दिन्थे । मलाई पछिसम्म निकै माया गर्थे । मैले ३५ सालमा घरको जग राख्ने दिन उनलाई बोलाएको थिएँ । उनी आए । जग राख्ने काम सकेपछि उनले "जीवनमा आज जति खुसी म कहिल्यै भइनँ, तपाईले एक रुपैयाँ नभएर एउटा कपी किन्न नसकेको दिन मलाई सम्झना छ, तपाईंले त्यो दिन कहिल्यै नबिर्सिनु होला, यो मेरो सल्लाह हो" भनेर बिदा भएका ती साहुजी अहिले यस लोकमा छैनन् तर उनले दिएको अर्ती मेरा लागि प्रेरणाको स्रोत बनेको छ ।

●



## २० कुन ठिक कुन बेठिक

२०३४ सालको कुरा हो, त्यतिबेला स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरुले एकवर्षको अर्थात् पढाइ आधा गरेपछि १० महिना राष्ट्रिय विकास सेवामा त्रिभुवन विश्वविद्यालयले तोकेको जिल्लामा गएर काम गर्नुपर्दथ्यो । राष्ट्रिय विकास सेवामा जानुपूर्व हामीलाई केही विषयमा तालिम दिइन्थ्यो । स्काउटको पनि तालिम लिनु पर्दथ्यो । स्काउट तालिमका लागि काठमाडौंको गोकर्ण जङ्गलभित्र राखियो ।

म ब्राह्मण परिवारको हुँदा म नित्यकर्म जस्तै बिहान सधैँ नुहाउने, पूजा गर्ने, चोखो धोती फेरेर पकाएको भात धोती फेरेरै खाने, कुखुराको मासु र अण्डा नखाने, लसुन प्याज गोलभेंडा हालेको तर्कारी नखाने गर्दै आएको थिएँ । स्काउट क्याम्पमा यी सब कुरा नहुने । कुखुराको अण्डा र मासु सधैँ खानामा हुने । भात तरकारी पनि लुगा लगाएर के-के हालेर पकाउने त्यसले गर्दा ३ दिनसम्म केवल बिस्कुट र दुध वा चियाको भरमा रहेँ । यो खबर क्याम्पका लगभग २०० विद्यार्थी र शिक्षकबिचमा पुगेछ । मलाई हेर्न विद्यार्थीहरुको भिड नै हुन थाल्यो । यत्तिकैमा संस्कृतका प्राध्यापक झा सर म बसेको ठाउँमा आउनुभयो र सबै कुरा सोध्नुभयो । त्यसपछि उहाँले मलाई धेरै उदाहरणहरु दिएर सम्झाउनुभयो । आˆ नो जीवनका कैयौं घटनाहरु पनि बताउनुभयो । उहाँको कुरा सुन्दासुन्दै म उहाँप्रति प्रभावित हुन पुगें । उहाँले आजबाट तपाईंले लुगा लगाएर खाना खाँदा, कुखुराको अण्डा र मासु खाँदा, अनि लसुन, प्याज र गोलभैंडा खाँदा कुनै पाप लागेछ भने त्यो पाप म बोक्नेछु, भोग्नेछु भन्नुभयो । त्यसपछि मैले बिस्तारै असजिलोसँग त्यहीँ बसी खान सुरु गरें ।

●



# २१ बाल्यावस्था

म सानै हुँदाको घटना हो । बुबाले दिदी र मेरा लागि भनेर घरको निदालमा डोरीको पिङ हालिदिनुभएको थियो । दशैंमा हालेको पिङ हामी तिहारसम्म खेलिरहन्थ्यौं । घरका सबैजना काममा जान्थे । हामी पिङ खेलेर बसिरहन्थ्यौं । कहिले दिदीले काखमा राखेर त कहिले म एक्लै बसेर खेल्थें । कहिले आँखा बन्द गरेर त कहिले आँखा खोलेर खेल्दा फरक-फरक मजा हुन्थ्यो । पिङमा बसेर दिदीले पछाडिबाट धकेल्दा मच्चिएर खेले जस्तो लाग्दथ्यो । म हल्लिएको हो कि पारिपट्टिको डाँडा हल्लिएको हो मलाई थाहा

हुँदैनथ्यो । मलाई लाग्थ्यो हाम्रो घरको पारिपट्टिको डाँडोभन्दा पर केही छैन भन्ने । वरिपरि डाँडाले घेरिएको थियो- हाम्रो घर भएको ठाउँ । ती डाँडामाथि आकाश थ्याच्च बसेको छ भन्ने मलाई लाग्दथ्यो । मैले देखेको भागलाई नै संसार ठान्थेँ । कति रमाइलो थियो त्यो दिन जुन बेला आफूलाई संसारको बिचमा रहेर खुसीसाथ बाँचेको महसुस गर्दथें । त्यतिबेला कुनै चिन्ता थिएन, अभाव थाहा नै थिएन । कसैले होच्याएको वा व्यङ्ग्य गरेको पनि थाहा हुन्नथ्यो । संसारलाई आँखाको वरिपरि देख्न सक्ने क्षमता राख्ने त्यस बालकले ठुलो भएपछि देख्न नसक्ने भयो । अलमलिएको छ त्यो बालक आज, ऊ सोच्न पनि नसक्ने भएको छ संसारका बारेमा । उसमा दुःख र छट्पटी छाएको छ । पुनः बाल्यकाल प्राप्त गर्न सके सुख र सन्तुष्टि प्राप्त हुने कुरामा आशावादी छ । तर असम्भव छ पुनः बाल्यकाल फर्कन ।

●



# २२ रहरै रहरको जीवन

रहर सबैलाई लाग्छ । रहर उमेर र परिवेशअनुसार फरक-फरक हुन्छन् । जीवनमा कति रहर पूरा हुन्छन् भने कति पूरा हुन नै सक्दैनन् । बाल्यकालमा एकचोटि मलाई चप्पल लगाउने रहर लाग्यो । ना□ ो गोडाको छाप जमिनमा लगाउँदै हिँड्नु पर्ने मेरो पारिवारिक बाध्यता थियो । एकचोटि मेरो जेठा भान्दाइ (ध्रुवदाइ) घरमा आउनुभएको थियो । उहाँले चप्पल लगाएर हिँड्दा भूमिमा चप्पलको छाप लाग्दथ्यो । म त्यही छापमा टेकेर आनन्द लिन्थें । मेरो चप्पल लगाउने

रहर त्यतिखेर अधुरै रह्यो । बुबाले स्थानीय छालाबाट बनाइएको जुत्ता किनिदिनु भयो । जुत्ताले गोडा दुखाउँथ्यो । धेरै हिँड्न मिल्दैनथ्यो । एक पटक मामाघर जाँदा त्यही जुत्ता लाएर गएँ । बाटामा बालुवै बालुवा भएको लामो बगर हिँड्नुपर्ने हुन्छ । त्यस बगरमा हिँड्दा जुत्ताभित्र बालुवा परेछ । बालुवाले गर्दा गोडाको छाला गएर हिँड्नै नसक्ने भएँ । सारै रिस उठेर जुत्ता फुकालेँ र नदीमा मिल्काई नाङ्गै गोडाले हिँडेर मामा घर गएँ । दुबै गोडाको छाला गएको देखेर मामाघरकी हजुरआमाले धोएर पुछपाछ गरी तेल लगाइदिनुभयो । त्यसपछि जुत्ता लाउने रहर पूरा भयो । बालुवा जुत्ताभित्र पसेर गोडाको छाला नगएको भए यति छिटै जुत्ता लाउने रहर पुरा हुने थिएन होला । धन्यवाद छ बालुवालाई ।

●



# २३ छोरो हुनुमा पीडा

मलाई घरमा बुबाले दुर्गा कवच, चण्डी र रुद्री पढाउनुभएको थियो । उहाँ बिहान बेलुका पढाउनुहुन्थ्यो । "यति पढिसकेर कण्ठ गरी बुझाउनु अनिमात्र खाजा खान पाउछस्" भन्नुहुन्थ्यो । बिहानको खाजा खानुपूर्व दिएको पाठ घोकेर कण्ठ बुझाउनुपर्थ्यो । पाठ नबुझाएसम्म खाजा खान दिइँदैनथ्यो । दिदी बहिनीहरुलाई पढ्न पनि नपर्ने र समयमै खाजा पनि खान पाउने तर आफूले चाहिँ नपाउँदा सारै दिक्क लाग्थ्यो । चाँडै पाठ बुझाएर खाजा खान पाउँदा म दङ्ग पर्थे । बेलुका खाना खाइसकेपछि पुनः पाठ दिइन्थ्यो ।

त्यो पाठ नबुझाएसम्म सुत्न पाइँदैनथ्यो । दिदीबहिनीहरु मस्त निदाइसक्दा पनि आफू भने पढेर बस्नुपर्ने । रोयो भने बुबाले मुखमा खरानी हालिदिने । कस्तो फसाद पर्दथ्यो । किन मलाई छोरो बनाएको हो  छोरी भएको भए पढ्नैपर्ने थिएन । समयमै खाजा खान र सुत्न पाइन्थ्यो । छोरी हुन पाए हुन्थ्यो भनेर म भगवान्सँग बिन्ती गर्थे । त्यतिखेर छोरालाई मात्र पढाउने छोरीलाई नपढाउने चलन थियो । बुबाले दिदीबहिनीलाई पढाउनुहुन्नथ्यो । मैले एक्लै बसेर पढेको बेलामा दिदीबहिनी आएर मलाई सोध्दथे । पढाएको हेरिरहन्थे । सायद उनीहरुलाई पढ्ने रहर तीव्र थियो होला । तर के गर्नु उनीहरु पढ्नबाट वञ्चित थिए ।

●



# २४ ढुङ्गो ढुसायो

गर्मीको कारण हामीले अध्ययन गर्ने भूमेस्थान प्रा.वि.मा बिहानको कक्षा सञ्चालनमा ल्याइएको थियो र म कक्षा ५ मा पढ्दै थिएँ । काकाको छोरा यादव र म पढेर सँगै फर्किंदा घरमा फूपाज्यू जगन्नाथ त्रिपाठी आएर फलैँचामा बस्नुभएको रहेछ । मैले उहाँलाई ढोग गरें । उहाँले आशीर्वाद दिनुभयो । उहाँले कालो ब्याग फलैंचाको छेउमा रहेको न्याकमा राख्नुभएको थियो । बाहिर देख्ने गरी ब्यागमा जगन्नाथ त्रिपाठी (एम.ए.) लेखेको कागज राख्नुभएको रहेछ । मैले पढेर उहाँलाई सोधें, "कति वर्षमा मैले एम.ए.

पास गर्न सक्छु होला भिनाजु ?" उहाँले "१४/१५ वर्षमा पास गर्न सक्छौ" भन्नुभयो । मप्रति उहाँले बडो राम्रो भावना लिएको मैले पाएको थिएँ । त्यत्तिकैमा झ्यालबाट टाउको बाहिर निकाल्दै हजुरआमा (बुबाको काकी) ले "यसले एम.ए. पास गर्न त ढुङ्गो टुसाउनुपर्छ ज्वाइँनारान" भन्नुभयो । उहाँको मुखाकृति ज्यादै नराम्रो थियो । त्यतिखेर हजुरामाको त्यो बोलीले मलाई सारै दिक्क लाग्यो । म जुरुक्क उठेर घरतिर लागें । मलाई हजुरामाको त्यो वाक्यले सधैं पछ्याइरह्यो र मलाई एम. ए. गर्ने दिशातिर अग्रसर तुल्यायो, जसको कारण २०३६ सालमा मैले एम.ए. पास गरें । पास भएको खबर जगन्नाथ भिनाजुलाई सुनाएँ र त्यतिखेर हजुरामाले प्रयोग गरेको वाक्य पनि स्मरण गराएँ । भिनाजु सारै खुसी हुनुभयो । म पास भएकामा उहाँले बधाई दिनुभयो र "सासूबज्यैले तिमीलाई आशीर्वाद स्वरुप त्यसो भन्नुभएको रहेछ बाबु  सानु चित्त नगर ।" भनेर सम्झाउनुभयो मलाई । म उहाँहरुप्रति आभार प्रकट गर्दछु ।

●



# २५ महान् पिता

गाउँको विद्यालयमा कक्षा ५ सम्म मात्र पढाइ हुन्थ्यो । मैले कक्षा ५ पास गरेपछि केही वर्ष घरमै बसें । अर्को गाउँमा गएर पढ्न घरबाट खर्च गर्ने अवस्था थिएन । सँगै पास भएका सबैजना कोही काठमाडौंतिर पसे, कोही धुलिखेलतिर, कोही पलाञ्चोकतिर त कोही फलाँटेतिर । आफू भने घरमा कुटो, कोदालो र घाँस दाउरा खोज्ने र गाउँबेसी गर्ने गर्थें । सबैले होच्याएर बोल्थे । सँगैका साथी पढेर कहाँ कहाँ पुग्न थाले, यो केटो भने यसै बराल्लिने भयो । यसको जिन्दगी खेरै जाने भो भनेर नानाथरि कुरा सुनाउँथे मलाई ।

एकदिन बिहान घाँसको भारी लिएर घरमा पुग्दा मेरा मामा (आमाकी सानी आमाको छोरा) गंगाप्रसाद सेढाईंसँग बुबा हाम्रो घरभित्र कुरा गर्दै हुनुहुँदो रहेछ । मैले बिस्तारै घाँसको भारी राखेर बाहिरबाट कुरा सुनें । मामाले "त्यति राम्रो पढ्ने भानिजलाई घाँस कटाएर घरमा राख्नु हुन्न, पढ्न पठाउनुपर्छ" भन्नुभयो । यत्तिकैमा बुबाले "मसँग धन छैन यही खेतबारी हो, सबै खेतबारी बन्धकीमा खानोस्, त्यसको पैसाले जति पढ्न पुग्छ पढाइदिनोस्, सके पढेर उसले तपाईंको पैसा तिर्छ, नसके सबै जग्गा तपाईं खानोस्, हामी मागेर बाँचौंला" भन्नुभयो । मामाले "त्यसबारे के गर्ने म सोचौँला, तर भानिजलाई यसरी भारी बोकाएर घरमा राख्नु हुन्न" भन्नुभयो । "मैले मेरो कुरा भनिसके के गर्नुपर्छ गर्नुहोस्" भन्दै बुबा बाहिर निस्कनुभयो ।

●



# २६ मायावी सर

२०३८।०३९ सालतिरको कुरा हो । कुरैकुरामा बितेका दिनहरुको मलाई याद आउँछ । एक जना सर हुनुहुन्थ्यो जो असाध्यै मिठो गफ गरेर मान्छेलाई लट्ठै पार्नुहुन्थ्यो । घर वरपरका सबै चिया पसलेहरुले उहाँलाई राम्ररी चिन्दथे र देख्ने बित्तिकै नमस्कार टक्र्याउँदथे । सरसँग सधैं १०/१२ जना मानिसहरु हुन्थे । चिया पसलमा पस्नासाथ १५/२० कप चिया बिक्री भैहाल्दथ्यो । सरले घडी कहिल्यै बाँध्नुहुन्नथ्यो । त्यसैले उहाँ समयको पर्वाह गर्नुहुन्नथ्यो । रात बितेको, दिन

ढलेको र बिहान कटेको उहाँलाई पर्वाह हुँदैन थियो । उहाँसँगै हिँड्नेले घरमा सधैँ गाली खानुपर्थ्यो- कसैले आमाबाट त कसैले श्रीमतीबाट । खाना पकाउनु वा तताउनुपर्ने हुन्थ्यो । कोही सामान किन्न निस्केको भए सामान किन्न बिर्सिएको हुन्थ्यो । भुलाइ दिनेले सबै कुरा भुल्ने बनाइदिन्छन् नै ।

कहिले काहीं सरले सँगै हिंड्नेलाई सँगै घर लिएर जानुहुन्थ्यो । घरका परिवार आ-आ`ना काममा ब्यस्त हुन्थे । उहाँ तुरुन्त खाजा बनाउन भन्नुहुन्थ्यो । कहिले सेल त कहिले पुरी तरकारी खाजा तयार हुन्थ्यो । सबै परिवारसँग परिचय गराउँदै रमाइलोसँग खाजा खाइन्थ्यो । आम्दानी त्यति धेरै नभए तापनि उहाँको दिल ठुलो थियो । सरल जीवन शैली र नरम स्वभावका उहाँलाई कसैले आर्थिक समस्या परेको सुनायो भने सापट गरेर भए पनि खाँचो टारिदिने गर्नुहुन्थ्यो । आफूलाई जतिसुकै अप्ठेरो परे पनि हत्तपत्त अरुसँग हात नथाप्ने उहाँको बानी थियो । सँगै हिँड्नेलाई चियाको पैसा तिर्न दिनुहुन्नथ्यो उहाँ । कसैले तिर्न खोज्यो भने "भोलिबाट तपाईँ हामीसँग नहिँड्नुहोला" भन्नु हुन्थ्यो ।

जीवन जसरी पनि बित्दो रहेछ । उहाँ ९० वर्ष पार गरिसक्नुभएको छ । उहाँको ब्यवहार अहिले पनि उस्तै छ । धेरै हिँडडुल गर्न सक्नुहुन्न तर फुर्सदले बस्नु पनि हुन्न ।



कलम कपी सँगै राखेर आ`ना अनुभवहरु लेखिरहनुहुन्छ । उहाँ आफू पनि चिन्ता लिनुहुन्न र अरुलाई पनि चिन्ताबाट मुक्त हुन सल्लाह दिनुहुन्छ । उहाँ स्वयं धारावाहिक रुपमा बोलिरहनुहुन्छ । अरुलाई बोल्ने अवसर कम दिनुहुन्छ । उहाँसँग प्रतिवाद गर्ने ब्यक्ति सँगसँगै हिँड्दै हिँड्दैनन् भने पनि हुन्छ । कथा, चुट्किला, कविता र ठट्यौली गर्न उहाँ निपूण हुनुहुन्छ । उहाँ बोल्नु पूर्व धेरै सोच्नुहुन्न जे मुखमा आयो त्यो बोल्नुहुन्छ तर यसको मतलब गलत र अश्लील बोल्नुहुन्छ भन्न खोजेको चाहिँ होइन । जीवनमा जति उतार चढाव आए पनि उहाँमा कुनै परिवर्तन नदेखिनु, कुनै प्रकारको जिम्मेवारी वा बोझ भएको जस्तो नदेखिनु र सधैँ खुलापन रहनु उहाँका प्रमुख विशेषता हुन् ।

●

# २७ अर्थ बुझ्न बाँकी

२०२४।२०२५ सालमा कक्षा नौ पढ्नका लागि काभ्रेपलाञ्चोक जिल्लाको उत्तर पूर्वीक्षेत्र सुनकोसीपारि फलाँटे भन्ने ठाउँको श्री शारदा मा.वि. मा गयौं । गणेश, म र ओम हामी ३ जना सँगै बस्ने र एउटै कक्षामा पढ्ने गर्दथ्यौं । शारदा मा.वि. भौगोलिक हिसाबले अत्यन्त सुन्दर ठाउँमा अवस्थित थियो । पहाडको उच्च भागमा कहीं कतैबाट नछेकिने, सधैं स्वच्छ हावा बहिरहने, सुनकोसीको प्रवाहलाई सजिलैसँग हेर्न र आनन्द लिन सकिने, प्राकृतिक सौन्दर्यको आनन्द लिन



सक्ने ठाउँ हुनु यस स्थानको मुख्य विशेषता हो । खरेल र उप्रेतीहरुको बाहुल्य रहेको यस स्थानमा अन्य जातजातिका मानिसहरु पनि बसोबास गर्दथे । हामीहरु एकजना खरेलको गाईगोठको माथि कोठा भाडामा लिई बसेका थियौं । गाई र भैंसी त्यही ठाउँमा राख्ने गर्दथे । कहिलेकाहीं भैंसीले सिङ ठोकेर रातभरि सुत्न दिँदैनथ्यो । बिहान सबेरै बाहिर आँगनमा सारेपछि बल्ल निदाउँथ्यौं  हामी । हामी अबेरसम्म टुकी बालेर पढिरहन्थ्यौं । हामी तीन जनामा प्रथम हुने प्रतिस्पर्धा हुन्थ्यो जसले गर्दा एकले अर्कोलाई सिकाउने, सल्लाह गर्ने र नोट देखाउने काम गर्दैनथ्यौं । हामी तिन जना सधैं प्रथम, द्वितीय र तृतीय हुन्थ्यौं नै । हाम्रा बिचमा ३/४ नम्बरको मात्र फरक हुन्थ्यो ।

घरधनीलाई हामी काका भन्दथ्यौं । उहाँ सबेरै उठेर सधैं गाईभैंसीको स्याहार सम्भार गर्ने, दुध दुहुने जस्ता काम गर्न ब्यस्त हुनुहुन्थ्यो । काम गरिरहँदा सधैं केही गुनगुनाउनुहुन्थ्यो । हामीले गुनगुनाएको कुरा पत्ता लगाउन धेरै प्रयास गऱ्यौं । जति प्रयास गर्दा पनि पत्ता लगाउन नसकेपछि उहाँलाई नै भेटेर सोध्ने निश्चय गऱ्यौं । एकदिन बिहान उहाँ काम गर्दै रहनु भएको ठाउँमा गएर तिनै जनाले नमस्कार गऱ्यौं । आˆनो जिज्ञासा राख्यौं । उहाँले हामीले बुझ्ने गरी

भनिदिनुभयो । "जुन गोरुको सिङ छैन उसको नाम तिखे, जुन गाईको पुच्छर छैन उसको नाम चौंरी, यसको अर्थ पछि बुझ्नुहुनेछ" भन्दै पुनः आ˘नो काममा लाग्नुभयो ।

●



# १८ नबिर्सिने यात्रा

मेरी दुर्गा दिदीको बिहे ८ वर्षको उमेरमा रामेछाप जिल्लाको आलम्पुर भन्ने ठाउँमा भएको थियो । एकपटक दिदीलाई घर पुऱ्याउन दिदीसँगै म र एकजना बुद्धवीर नाम गरेको दाइ कोसेलीसहित, झिस्मिसेमा प्रस्थान गऱ्यौं । हाम्रो घरबाट ठाडै उकालो करिब २ घण्टाजति हिँडेपछि राम्ररी उज्यालो भयो । मेरो उमेर त्यस बेला १२/१३ वर्षको हुनुपर्छ । सानै भए पनि हिँडिरहेको बानीले गर्दा मलाई हिँड्न त्यति गाह्रो भएको भने थिएन । कहिले उकालो, कहिले तेर्सो त कहिले ओह्रालो गर्दै गोरेटो र कान्लाको बाटो दिदीभाइ

कुरा गर्दै अघि बढिरह्यौं । बुद्धवीर दाइले पनि कहिले काहीँ ठट्टा गरेर हँसाउनुहुन्थ्यो । उहाँ हामीलाई साह्रै माया गर्नुहुन्थ्यो । साँच्चै भन्नुपर्दा हामी दिदीभाइलाई बुद्धवीर दाइकै जिम्मा लगाएर बुबाले पठाउनुभएको थियो ।

बिहानको १०/११ बजेको हुनुपर्छ, त्यति बेला हामीसँग घडी थिएन । हामीहरु घरबाट पोको पारेर ल्याएको खाजा एउटा ढुङ्गेधाराको नजिकै बसेर खान थाल्यौं । त्यतिबेला नजिकैको गाउँतिर पनि बिहानको खाना खाने बेला भएको रहेछ । हामीले खाँदै गर्दा नजिकैबाट एक महिलाले आˆनो छोरालाई खाना (भात) खान बोलाइन् । उनले छोरालाई बोलाउँदा प्रयोग गरेको शब्द मैले सायद जिन्दगीमा पहिलो पटक सुनेको हुनुपर्छ । उनले ठुलो स्वरमा "ओ पड्के  तँलाई हरियो बाँसमा टुं.......... पारेर कतातिर झा¥यो, तेरो बाउको लादी खान मर्" भनेको सुन्दा हामी सबै छक्क प¥यौं । समाज कति असभ्य छ र शिक्षा एवम् चेतनाको कति कमी छ भन्ने तथ्य यसले छर्लङ्ग्याउँछ । सायद आज त्यहाँ त्यस्तो परिस्थिति छैन होला । त्यस्ता शब्दहरुको प्रयोग पनि हुँदैन होला ।

हामी विस्तारै चौंरी खोलामा झ¥यौं । खोला तरेर करिब ३ घण्टाको ठाडै उकालो चढ्यौं । चारैतिर लालीगुराँस फुलेको निकै अग्लो स्थान रहेछ– गुराँस भञ्ज्याङ । एकैछिन



बसेर देउरालीमा पाती र ढुङ्गा चढाएर चारैतिरको मनोरम दृश्य हे¥यौं । उकालो चढेको थकाइ अलि कम भयो । बिस्तारै यात्रा सुरु ग¥यौं । केहीबेर तेर्सो हिँडेपछि पुनः हाम्रो यात्रा ओरालो झर्न बाध्य भयो । गुराँसको जङ्गल हुँदै केहीबेर झरेपछि सल्लाघारीको बिचबाट हाम्रो यात्रा सुरु भयो । ओह्रालो झर्दै गर्दा मेरो जुत्ता सल्लाको झरेको पात (सल्लिबिर)मा चिप्लिएर म भिरबाट तलतिर झरें । दिदी रुन थालिन् । बुद्धवीर दाइ भारी मिल्काएर मतिर आउन थाले । मलाई कसले कसरी एउटा रुखको अन्तरमा दुईतिर खुट्टा झारेर अड्काइदियो मलाई थाहा छैन । मेरो होस उडिसकेको थियो । बिस्तारै होस आएछ । बुद्धवीर दाइ पनि नजिकै आइसकेका रहेछन् । बुट्टा समातेर माथितिर आउने मेरो प्रयासलाई बुद्धवीर दाइले सफल बनाइदिए । त्यो रुखमा म नअड्केको भए र त्यहाँबाट अझ तल खसेको भए मेरो जीवन त्यतिबेला नै समाप्त हुने थियो । थरथर काँप्दै बाटामा आयौं । दिदी अङ्कमाल गर्दै आँसु झारेर रुँदै भगवान्लाई धन्यवाद दिन थालिन् । त्यस घटनाबाट बचाएर कैयौं अरु कार्य मबाट गराउनुपर्ने जानेर सायद भगवान्ले नै मलाई बचाएको हुनुपर्छ ।

●

## २९

# रेडियोसँगको पहिलो भेट

म ८/९ वर्षको थिएँ होला । एकदिन मेरा काका रोहिणीप्रसाद पन्त हाम्रो पहाडको घर (जसलाई डाँडागोठ पनि भनिन्थ्यो) मा आउनुभयो । असार साउनको महिना हुनुपर्छ किनभने त्यतिखेर मकैका बोटहरु ठुला भैसकेका थिए र पानी पर्दा एक प्रकारको सङ्गीत उत्पन्न हुन्थ्यो । काकाले कपडाभित्र राखी काँधमा हाल्न मिल्ने झोलामा राखेर रेडियो बोकेर ल्याउनुभएको रहेछ । रेडियोलाई ढोका नजिकै रहेको जाँतोमाथि राख्नुभयो । एकैछिन रेडियो चलाउनुभयो ।



चलाउँदै गर्दा रेडियोबाट “कान्छीको निधार क्या राम्रो, हाम्रो त सिंदुर पर्नलाई” भन्ने बोलको गीत आयो । यो रेडियो र यो गीत नै मेरो जीवनमा पहिलो पटक सुनेको गीत हो । यसभन्दा पहिले मैले रेडियो हुन्छ भन्ने सुनेको थिएँ तर देखेको थिइनँ भने गीत सुन्ने त कुरै भएन । मलाई सारै अचम्म लाग्यो । यो गीत कसरी आयो भनेर रेडियोको चारैतिर हेर्न थालेँ । काकाले “ए □ नजिक नजा” भनेर तर्साउनुभयो । म अलि पछि हटेँ तर मेरा जिज्ञासाहरु रेडियोको चारैतिर घुमिरहेका थिए ।

मेरो बाल्यकालबाट आज ५० वर्षपछि मैले के फरक पाएको छु होला सहजै अनुमान गर्न सकिन्छ । आज मेरा छोरा छोरीहरु मोबाइलबाटै संसार हेर्न, पढ्न, बुझ्न र चलायमान गराउन सक्ने भएका छन् । आज उनीहरु विज्ञानका अनगिन्ती आविष्कारसँग सम्बन्ध राख्न र प्रयोग गर्न सक्ने भएका छन् । तर मलाई अझै पनि यी आविष्कारहरुसँग सहजता छैन किनकि मेरो मस्तिष्क पुरानो भैसकेको छ ।

●

# ३० गुणले जितौँ

कक्षा १० मा पढ्दै गर्दा म काठमाडौंको कमलपोखरी भन्ने ठाउँमा बस्दथें । त्यही घरमा मेरै कोठासँगै मेरा आफन्त पर्ने एकजना व्यक्ति पनि बस्नुहुन्थ्यो । उहाँको छोरा त्यसबेला आइ.कम.मा पढ्दै थिए । एक साँझ म उनीसँगै घुम्ने विचार गरी सँगै घरबाट निस्किएँ । अलि पर बाटामा पुगेपछि उनले मलाई "सँगसँगै नहिँड" भने । "किन ? सँगै हिँड्दा के हुन्छ र [illegible] " भन्ने मैले जिज्ञासा राख्दा लाज लाग्छ भन्ने उत्तर पाएँ । त्यसपछि मैले उनलाई छोडिदिएँ । उनले राम्रो सर्ट, पाइन्ट र कालो टल्कने जुत्ता लगाएका थिए । मैले कमिज, सुरुवाल र चप्पल लगाएको



थिएँ त्यसैले उनलाई मसँग हिँड्न लाज लागेको भन्ने कुरा बुझें । त्यसपछि म कहिल्यै उनीसँग हिँडिनँ ।

म पढाइमा लगनशील थिएँ र सधैं परीक्षामा पास हुन्थें । मैले १० कक्षा पढ्दा आई.कम. पढ्दै गरेका उनी मैले आई.ए. पास गरिसक्दा पनि आई.कम. फेल भइरहेका थिए । त्यतिबेला एउटा विषय फेल भए पुनः सबै विषयमा परीक्षा दिनुपर्ने प्रावधान थियो । त्यसैले उनी निराश थिए । पढ्न ध्यान नदिने, बढी घुम्ने र गफ गर्ने उनको बानी थियो । एक दिन बेलुका परीक्षाको अघिल्लो दिन रहेछ, पुस्तकलाई थुक्दै च्यातिदिन्छु भन्दै आँखाबाट आँसु झार्दै कराएपछि म उनको कोठामा गएँ । पञ्चायत विषयमा सधैँ फेल हुँदा रहेछन् र यसपालि पनि त्यसको परीक्षा राम्रो नहुने देखेर त्यसरी कराएका रहेछन् । मैले राम्ररी सम्झाएँ र दुई घण्टाजति उक्त विषयको बारेमा विषयवस्तु र परीक्षामा लेख्ने तरिका बताइदिएँ । भोलिपल्ट त्यसै आधारमा परीक्षा दिएर आए । केही महिनापछि रिजल्ट भयो । यसपटक उनी पास भए । पास भएको मार्कसिट ल्याएर मलाई दिएर भने - "तपाईँ पास भएको हो, म पास हुने भए पहिले नै हुन्थे ।" मलाई हेरेर आँखाभरि आँसु पारे । सायद पहिलेको कुराको याद आएर होला ।

●

# ३१ उपाय आफैंमा हुन्छ

आई.ए. पढ्दै गर्दाको एउटा घटना हो– एउटा साथीले आˆनी दिदीको बिहेमा निम्ता गऱ्यो । उसले निम्ता त गऱ्यो, तर मलाई पो फसाद पऱ्यो किनकि कपडा के लगाउने भनेर । मसँग हल्का निलो रङ्गको एकजोर कमिज, सुरुवाल बाहेक अर्को कपडै थिएन । घर बस्दा पनि त्यही, कलेज र बाहिर कतै जाँदा पनि त्यही कपडा लाउनुपर्ने । त्यस कमिज सुरुवालले नत पालो पाउँथ्यो न फुर्सद । घर बस्दा घुँडामा दबाब परेर चाँडै फाट्ला भन्ने डरले घुँडैभन्दा माथि दोबारेर लगाउँदथें । धुँदा पनि निकै विचार



पुऱ्याएर धुनु पर्दथ्यो । एक वर्षसम्म मलाई निरन्तर सेवा दिन त्यसलाई निकै धौ-धौ पर्दथ्यो । यस्तो अवस्थामा कसरी बिहेमा जाने भन्ने प्रश्न उठ्ने नै भयो । एक मनले कुनै साथीको कपडा मागेर लगाऊँ कि भन्ने पनि लाग्यो, पछि आˆनै कपडालाई धोएर राम्ररी पट्याएर लगाउँछु भन्ने निष्कर्षमा पुगें ।

बिहेको अघिल्लो दिन साँझ ४ बजेतिर कपडालाई राम्ररी धोएर हावा लाग्ने ठाउँमा सुकाएँ । राति अबेरतिर उठाएर, राम्ररी नसुकेको भए तापनि त्यसलाई पट्याएर डस्नामुनि राखें । रातभरि सुत्दा र जिउले थिचिएर बिहान सुकेछ पनि, साथै इस्त्री लगाएको जस्तै भएछ । म दङ्ग परें । त्यही कपडा लगाएर बिहेमा गएँ । कसैले केही भनेनन् । बिहे सकेर घर फर्केर कपडालाई धन्यवाद दिएँ । हामीले कपडालाई माया गरे त्यसले पनि हाम्रो इज्जत बचाइदिंदो रहेछ भन्ने बुझें ।

●

# ३२ कहाँ छ समाज

२030 सालको कुरा हो, व्यक्तिगत कामको सिलसिलामा नुवाकोट जिल्लाको चतुराली गा.वि.स. को बरबन्दी भन्ने गाउँमा पुगेँ । साँझ पर्न खोज्दै थियो, रानीपौवासम्म पुग्न गाह्रो हुने भएकाले बरबन्दीतिर नै बास बस्ने विचार गरेँ । बरबन्दीका तत्कालीन प्रधानपञ्च पुष्पराज थपलियासँग सामान्य परिचय थियो । त्यसैले सोधखोज गर्दै उनको घरमा पुगें । पुष्पराजजी घरमै हुनुहुँदो रहेछ । हालखबर सोधपुछ गर्नुभयो । बस्ने ठाउँको व्यवस्था गर्नुभयो । दुबै जनाले सँगै बेलुकाको खाना खायौं । अबेरसम्म विभिन्न विषयमा छलफल गरियो । म छुट्टै कोठामा सुतें । बिहान म उठ्नुभन्दा



पहिले नै उठेर पुष्पराजजी बाहिर निस्किसक्नुभएछ । मलाई भाउजूले एक ग्लास दुध दिनुभयो । दुध पिएर म बाहिर निस्कँदै गर्दा भाउजू भैंसी डोऱ्याउँदै राँगोसँग मिसाउन लाँदै हुनुहुँदो रहेछ ।

म बरबन्दी बजार पुग्दा पुष्पराजजी एउटा चिया पसलमा दोस्रो कप चिया पिउँदै हुनुहुँदो रहेछ । उहाँसँग अन्य धेरै जना पुरुषहरु चिया खाएर उडन्ते गफ गर्दै थिए । यहाँको चलन त्यस्तै रहेछ । पुरुषहरु बजार घुम्ने, चिया खाने, तास खेल्ने र खाना खाने अनि सुत्ने बेलामा घर फर्कने । उता नारीहरु बिहान झिस्मिसेदेखि राति अबेरसम्म काम गरेको गऱ्यै । घरको खाना पकाउने, सरसफाई गर्ने, वस्तुभाउको व्यवस्था मिलाउने, मेलापात, घाँस, दाउरा आदि सबै काम सकेर पुरुषको सेवामा हाजिर हुनुपर्ने । यस्तो नारी र पुरुषको बिचमा विभेद हुनु, नारीहरु अत्याचार र शोषणको घटनाले मलाई दिक्क लाग्यो । कहिले हाम्रो समाजमा पुरुष र नारी एउटै रथका दुई पाङग्रा बन्न सक्लान् । नारीले मुक्ति कहिले पाउलान् भन्ने प्रश्न मेरो अगाडि रहि नै रह्यो । तर आज यो अवस्था पक्कै छैन होला ।

●

# ३३ यस्तो पनि हुँदोरैछ

२०४४ सालको दसैँको टीका थाप्न हामी श्रीमान् श्रीमती लमजु जिल्लाको चिर्ती गा.वि.स. तिर लाग्यौं । श्रीमतीको आग्रहअनुसार हामी टीका थाप्न निस्केका थियौं । त्यतिबेला काठमाडौंको पुरानो बसपार्कबाट प्रायः सबै ठाउँमा जाने मिनीबस लाग्दथ्यो । हामी बिहान सबेरै पुरानो बसपार्क पुग्यौँ । एउटा मिनीबस पोखरा जाने यात्रु बोलाइरहेको रहेछ । हामी त्यही मिनीबसमा गएर राम्रै सिटमा बस्यौँ । झन्डै आधा घण्टापछि एउटा साझा बस पोखरा जाने यात्रु बोलाउँदै हामी बसेको मिनीबसको छेउमा आयो र अडियो ।

साझा बस देखेर मेरो मनमा त्यही बसमा जाने विचार आयो । श्रीमतीसँग प्रस्ताव राखेँ–



"मिनीबसभन्दा साझा बस आ नो ठिक समयमा चल्ने गर्दछ र बढी भरपर्दो पनि छ त्यसैले साझामै जाऔँ ।" मैले जोड गरेँ । श्रीमतीले नमान्दा नमान्दै म झोलासहित ओर्लिएर साझा बसमा चढेँ । म ओर्लिएकाले श्रीमती पनि साझा बसमै आइन् । उनको जोड मिनीबसमा जाने भन्ने नै थियो । हामी साझा बसमा बस्दै थियौं । मिनीबस पोखराका लागि छुट्यो । श्रीमतीले निकै कचकच गरिन् । म चुप लागेर बसें । हामी बिहानको खाना खान मुग्लिन पुग्ने गरी गइरहेका थियौं । मुग्लिन पुग्नु केहीबेर वर हामी चढेर ओर्लेको मिनीबस १६ जना यात्रुसहित त्रिशूली नदीमा खसेछ । भेटिएका लासहरु त्रिशूलीको किनारमा झिकेर राख्दै थिए । हामी त्यस मिनीबसबाट नओर्लेको भए हाम्रो लास पनि त्रिशूलीको किनारतिर गइसक्थ्यो होला । हामी दुईजना झस भयौं, अचम्मित भयौं । हाम्रो शरीर त्यसै काँप्न थाल्यो । हामीलाई यो मिनिबसबाट ओरालेर साझा बसमा राखिदिने कुन शक्ति थियो ? भगवान्ले हामीलाई बचाउन आवश्यक ठानेर यो सब कुरा मिलाएको हुनुपर्छ । त्यस घटनापछि मानिसलाई बचाउने र नबचाउने कुरा अरुबाटै सञ्चालित रहेछ, मानिस यसबारे केही गर्न सक्दो रहेनछ भन्ने प्रस्ट बुझ्ने मौका पाएँ ।

●